# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४१५१२१७, ९८४१२८६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २०६ | काठमाडौं | बुधबार, १० मंसिर २०८२ | Prabhab National Daily | Wednesday, 26 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# एमाले एकैसाथ महाधिवेशन, निर्वाचन र अदालतमा

- प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुन एमालेको दल दर्ता निवेदन निर्वाचन आयोगमा
- प्रतिनिधिसभा पुनःस्थापनाको माग पनि गर्दै सर्वोच्च अदालतमा
- मंसिरको चौथो साता हुने ११औं महाधिवेशनको तयारीमा

**प्रभाव संवाददाता**

**काठमाडौं–** विघटित प्रतिनिनिधिसभा पुनर्स्थापनाको मुद्दामा एक्लो नेकपा एमाले ताजा जनादेशका लागि निर्वाचनमा जान बल्लतल्ल तयार भएको छ । उसले निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ताको निवेदन दिएको छ ।

मंगलबार पार्टी केन्द्रीय निर्वाचन विभागका प्रमुख निरज आचार्यसहितका नेताहरूले आयोग पुगेर निवेदन दिएको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार एमालेसँगै निर्वाचनका लागि निवेदन दिने दलको संख्या ६७ पुगेको छ । जबकि, दल दर्ता सङ्ख्या १३० भन्दा बढी छ ।

प्रधानमन्त्री सुशीला कार्कीले यसअघि आयोगमा दर्ता भएकामध्ये १२७ दलका प्रतिनिधिसँग निर्वाचनबारे छलफल गरेकी थिइन् । त्यसबेला एमालेले कार्की सरकारले प्रतिनिधिसभा निर्वाचन गर्ने र नहुने स्वर्गमा जाने विषय उस्तै भएको भन्दै निर्वाचन हुनेमा अविश्वास प्रकट गरेको थियो । तर, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा) नेपालसँगै नयाँ र पुराना दलहरू निर्वाचनमा जाने भएपछि एमाले पनि निर्वाचनको पक्षमा उभिएको हो ।

तर, एमाले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै रिट लिएर सर्वोच्च पुगेको छ । रिट निवेदकहरू विघटित प्रतिनिधिसभाको एमाले संसदीय दलका मुख्य सचेतक महेश बर्तौला र सचेतक सुनिता बराल छन् ।

क्रमशः पृष्ठ २ मा





## ओलीविरूद्ध ईश्वर खडा

नेकपा एमालेको ११औं महाधिवेशनबाट सर्वसम्मत अध्यक्ष केपी शर्मा ओली नहुने भएका छन् । उनलाई वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्षमा चुनौती दिने भएका छन् । पोखरेलले मंगलबार एक विज्ञप्ति जारी गर्दै अध्यक्षको उम्मेदवार बन्ने र प्रतिस्पर्धा गर्ने घोषणा गरे ।

यसअघि बसेको पाटीको सचिवालय बैठकमा पनि उनले आफू अध्यक्ष बन्ने जानकारी गराएका थिए । उनले पार्टी पुनर्गठन र रूपान्तरणका लागि देशभरका नेता कार्यकर्ताको आग्रह र सुझावलाई स्वीकारेर उम्मेदवारी घोषणा गरेको बताएका छन् । ओलीलाई नेतृत्व हस्तान्तरणमा सकारात्मक हुन उनको आग्रह छ ।

तर, अध्यक्ष ओली भने अध्यक्षमा तेहरिन खोजिरहेका छन् । त्यसका लागि आफूअनुकूल विधान संशोधन गरिसकेका छन् । उमेर र अध्यक्षमा हद हटाइदिएका छन्, जसले ओलीलाई अध्यक्ष हुने बाटो खोलिदिएको छ ।

तर, जेन-जी विद्रोहपछिको सचिवालय बैठकदेखि नै पोखरेल अध्यक्षमा ओलीसँग लड्ने पक्षमा छन् । पूर्वराष्ट्रपति रहेकी नेतृ विद्यादेवी भण्डारीको उनलाई साथ छ । विगतमा १० भाइ भनेर चिनिएका उपाध्यक्ष सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, गोकर्ण विष्ट, योगेश भट्टराईलगायत नेताहरू पोखरेलका पक्षमा छन् ।

# नेकपामा दाहालको उत्तराधिकारीबारे तीन विकल्पमाथि चर्चा

- नेकपा संयोजक पुष्पकमल दाहाल, सहसंयोजक माधवकुमार नेपाल, नेताहरु झलनाथ खनाल र वामदेव गौतम एकैसाथ सक्रिय राजनीतिबाट अलग हुने
- जेन-जी विद्रोहपछि पार्टी नेतृत्वमा पुस्तान्तरणको सवाल जोडले उठ्दा राजनीतिबाट बहिगर्मनको दबाबमा शीर्ष नेता




**जेवी योञ्जन**

**काठमाडौं–** नेतृत्वमा पुस्तान्तरणको चर्को बहसबीच नेपाली कम्युनिस्ट पार्टी (नेकपा)मा भनिँदै छ- छ महिनापछि पुष्पकमल दाहाल पार्टी नेतृत्व हुने छैनन् । दाहाल स्वयं त्यसै भन्दैछन् ।

उनको भनाइ र गराइमा तालमेल मिले ३६ वर्षदेखिको पार्टी नेतृत्वमा दाहालको बिराम लाग्ने छ । उनले धपेडीपूर्ण राजनीतिबाट आराम लिनेछन् । उनीसँगै सहसंयोजक माधवकुमार नेपाल, नेताहरू झलनाथ खनाल र वामदेव गौतम पनि सक्रिय राजनीतिक जीवनबाट अलग हुनेछन् । उनीहरू क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो वरियताका नेताहरू हुन् ।

पञ्चायती शासनको कठोर अवधि मानिने ३० को दशकको प्रारम्भतिरदेखि नै राजनीतिमा सक्रिय यी नेताहरूले पार्टीसत्ता र राजकीय सत्ताभोग गरिसकेका छन् । उनीहरूमाथि जेन-जी विद्रोहपछि पार्टीको उच्च तहबाट बहिर्गमनको दबाब बढेको हो । त्यसअघि पनि कम्युनिस्ट पार्टीमा उत्तराधिकारीको विकास गर्ने विश्वव्यापी परम्परा रहेको भनेर केही नेताले उनीहरूको नेतृत्वमा विस्थापनको सवाल घुमाउरो शैलीमा उठाउँथे । यस्तो अवस्थामा अब छ महिनापछि दाहालसहितका नेकपाका शीर्षस्थ नेताहरू सक्रिय राजनीतिबाट अलग हुने बताइरहेका छन् । त्यसको लागि एकता महाधिवेशन गर्ने भनिएको छ ।

त्यसो भए नेकपा संयोजक दाहालका उत्तराधिकारी को हुन सक्छन् ? स्पष्ट भइसकेको छैन । तर, दाहालनिकट एक नेताले प्रभावसँग भने, 'उहाँ नेतृत्वमा ट्र्याक-१, ट्र्याक २ र ट्र्याक ३ बारे मन्थनमा हुनुहुन्छ ।' उनका अनुसार ट्र्याक-१ मा पार्टीको भावी नेतृत्व नारायणकाजी श्रेष्ठलाई बनाउनेबारे दाहाल सोचिरहेका छन् । श्रेष्ठ तत्कालीन नेकपा माओवादी केन्द्रको वरिष्ठ उपाध्यक्ष थिए ।

२०६५ मा नेकपा माओवादीसँग एकता केन्द्रका नेता श्रेष्ठले पार्टी एकता गरेका थिए । माओवादीमा वरिष्ठ उपाध्यक्ष भएपछि उनी बारम्बार दाहाललाई नेतृत्व छाड्न दबाव दिन्थे । तर, पार्टीमा उनको शक्ति दाहाललाई नेतृत्वविमुख गर्नेगरिको थिएन । उनै श्रेष्ठलाई नेकपाको भावी नेतृत्व बनाउन सकिने सम्भावनाबारे दाहाल र सहसंयोजक माधवकुमार नेपाल छलफलमा रहेको ती नेताको दाबी छ । श्रेष्ठ अध्यक्ष भए महासचिव भीम रावल हुन सक्ने ठानिएको छ । रावल मातृभूमि जागरण अभियानलाई नेकपामा समाहित गर्ने नेता हुन् । एमालेको दशौं महाधिवेशनमा उनले हालका अध्यक्ष केपी शर्मा ओलीलाई अध्यक्षमा चुनौती दिएका थिए । पार्टीमा ओलीको मनमौजीविरुद्ध धावा बोल्थे । बदलामा ओलीले उनलाई पार्टीबाटै निष्कासन गरिदिए । रावल सुदूरपश्चिमको उच्च तहका एमाले नेता थिए । त्यसपछि निष्प्रभावी देखिएको मातृभूमि जागरण अभियान चलाएका रावल हालै नेकपामा आएका हुन् ।

दाहालको ट्र्याक-२ योजना कार्यान्वयन भए रावल अध्यक्ष बन्ने बताइएको छ । त्यसो हुँदा महासचिव वर्षमान पुन हुने चर्चा छ । पुन माओवादी युद्धदेखि नै दाहालका विश्वासपात्रमध्येका एक हुन् । पार्टी संगठनमा उनी वर्चश्वशाली नेता मानिन्छन् । उनको अन्तरपार्टी सम्बन्ध राम्रो छ । उनी तत्कालीन माओवादीमा महासचिव हुन चाहन्थे । महासचिवको दाबेदार जनार्दन शर्मा पनि थिए । संगठन शक्तिमा अगाडि यी दुई नेताको दाबेदारीले अप्ठेरो परेपछि दाहालले माओवादी महासचिव देव गुरुङलाई बनाए, पुन र शर्मालाई उपमहासचिव । शर्मा हाल पार्टीबाट अलग भएका छन् ।

ट्र्याक-३ अन्तर्गतचाहिँ नेकपा (माओवादी)का नेता नेत्रविक्रम चन्द 'विप्लव'लाई नेकपा प्रवेश गराएर अध्यक्ष बनाउन सकिनेबारे पनि छलफल भइरहेको बुझिएको छ । उनी यसअघि एकता प्रक्रियामा आउन खोजिरहेका थिए । भनिन्छ, उनलाई तत्कालीन माओवादी नेताहरूले नै पार्टी प्रवेशमा रोकेका हुन् ।

उनले नेपाल कम्युनिस्ट पार्टीको नामबाट एकीकृत जनक्रान्ति भन्दै झन्डै दुई वर्ष हिंसात्मक राजनीतिको नेतृत्व गरे । २०७७ को फागुन चौथो साता भने ओली सरकारसँग घुँडा टेके । ३ बुँदे समझदारी गरेर शान्तिपूर्ण राजनीतिमा फर्किए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# सीप सिकेर वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो

- चालु आर्थिक वर्ष २०८२/८३को चार महिनामा वैदेशिक राजेगारीमा गएकामध्ये सीप सिकेर विदेशिने कामदारको संख्या दुई लाख नौ हजार ४८० रहेको छ
- अघिल्लो आर्थिक वर्षको वैदेशिक रोजगारीमा दक्षताबिनै जाने श्रमिक २७.०९ प्रतिशत थिए
- आर्थिक वर्ष २०७५/७६को तथ्याङ्क हेर्दा रोजगारीमा ५६.०९ प्रतिशत अदक्ष कामदार विदेशिएका थिए




**ममता थापा**

**काठमाडौं–** पछिल्लो वर्षहरूमा वैदेशिक रोजगारीमा सीप सिकेरमात्र जाने क्रम बढ्न थालेको छ । पछिल्लो चार महिनाको तथ्याङ्क हेर्दा ७५.२५ प्रतिशत श्रमिक सीप सिकेर वैदेशिक रोजगारीमा गएको पाइएको हो ।

चालु आर्थिक वर्ष २०८२/८३को चार महिनामा वैदेशिक राजेगारीमा गएकामध्ये सीप सिकेर विदेशिने कामदारको संख्या दुई लाख नौ हजार ४८० रहेको छ । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार उक्त अवधिमा ६६ हजार २८२ जना कामदार कुनै सीपबिनै रोजगारीमा गएको पाइएको छ । उक्त अवधिमा संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर दुई लाख ७५ हजार ७६२ जना विदेशिएका छन् ।

उक्त अवधिमा सबैभन्दा बढी दक्ष श्रमिक कात्तिकमा गएका छन् । कात्तिकमा श्रम स्वीकृति लिएर रोजगारीमा गएकामध्ये ८१.४९ प्रतिशतले आफूले गर्ने कामबारे केही न केही ज्ञान लिएको पाइन्छ । उक्त महिनामा विदेशिएका ७३ हजार ९४ जनामध्ये ७० जना उच्च दक्ष, ३३४ व्यवसायिक, आठ हजार ३०५ जना अर्धदक्ष र ५० हजार ८६२ जना सीपयुक्त श्रमिक रहेका छन् । १८.५ प्रतिशत अर्थात् १३ हजार ५२३ जना भने अदक्ष कामदार रहेका छन् ।

असोजमा रोजगारीमा गएका ६४ हजार ६३४ जनामध्ये २२.२४ प्रतिशत श्रमिक पेशागत ज्ञानबिनै गएका छन् । १४ हजार ३७८ जना अदक्ष युवा उक्त महिनामा परदेशिएका छन् । यसबाहेका पेशागत दक्षता उच्च भएका, सीपयुक्तदेखि अर्धदक्ष श्रमिकको संख्या ५० हजार २५६ अर्थात ७७.७५ प्रतिशत रहेको छ ।

त्यस्तै, भदौ महिनामा रोजगारीमा गएकामध्ये २८.१५ प्रतिशत अदक्ष कामदार छन् । उक्त महिनामा ६७ हजार ९७२ जना विदेशिएकोमा १९ हजार १३५ जना सीप नै नसिकी गएको तथ्याङ्क छ ।

क्रमशः पृष्ठ २ मा

# सुमनराज मुख्यसचिव बनेसँगै रक्षमा शर्माको सरुवा

## दुई सचिव रिक्त हुँदा को-को छन् बढुवाको लाइनमा ?

**प्रभाव संवाददाता**



**काठमाडौं–** एकनारायण अर्याल अनिवार्य अवकाशमा गएसँगै मुख्यसचिव सम्हाल्न सुमनराज अर्याल आइपुग्ने भएका छन् । प्रधानमन्त्री सुशीला कार्कीले मंगलबार एकनारायणलाई बिदाइ गरेकी छन् ।

अनिवार्य अवकाश पाएका उनलाई सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले बिदाइ गरेकी हुन् । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले रक्षा सचिव सुमनराज अर्याललाई नयाँ मुख्य सचिव बनाउने निर्णय गरिसकेको छ । एकनारायण २०८१ भदौ १३ गते मुख्य सचिव नियुक्त भएका थिए । उनी ५८ वर्षीय उमेर हदका कारण मंगलबार रातिदेखि अनिवार्य अवकाशमा गएका हुन् ।

सुमनराज मुख्यसचिव बनेसँगै उनको ठाउँमा सरकारले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदारनाथ शर्मालाई सरुवा गरेको छ । सरकारले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रबिलाल पन्थलाई राष्ट्रिय योजना आयोगमा सरुवा गरेको छ भने उनको ठाउँमा कोशी प्रदेशका प्रमुख सचिव चन्द्रकला पौडेललाई तानेको छ ।

राष्ट्रिय योजना आयोगमा कार्यरत सचिव गोकर्णमणि दुवाडी मंगलबारदेखि पाँच वर्षे सचिवको कार्यकाल पुरा गरेर अनिवार्य अवकाशमा गएपछि आयोगमा सचिव पद रिक्त थियो । रिक्त भएको भूमि मन्त्रालयको सचिवमा मधेश प्रदेश सरकारका प्रमुख सचिव मदन भुजेलको सरुवा गरेको छ ।

मुख्यसचिव र सचिव अवकाशमा गएसँगै दुई सचिवको पद रिक्त भएको छ । मुख्यसचिव अर्याल अवकाशमा गएपछि रक्षा मन्त्रालयका सचिव सुमनराज अर्याल मुख्यसचिवमा बढुवा भएपछि र दुवाडी अवकाशमा गएपछि दुई सचिवको पद रिक्त भएको हो ।

दुई सचिवको पद रिक्त भएसँगै दुई जना सहसचिव सचिवको लाइनमा देखिएका छन् । जसमा पहिलो नम्बरमा सुदूरपश्चिम प्रदेश सरकारका कायममुकायम (कामु) प्रमुख सचिव बैकुण्ठप्रसाद अर्याल छन् ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमश:

## नेकपामा दाहालको...

खसीको भनेर कुकुरको मासु बेच्ने प्रणालीको रूपमा संसदीय प्रणालीप्रति कडा आलोचना गर्ने उनी यसपटक प्रतिनिधिसभा चुनावमा सहभागी हुने भएका छन् । उनै विप्लवलाई पार्टीमा भित्र्याएर अध्यक्ष बनाउन सकिने तेस्रो विकल्पबारे पनि दाहालले निकट नेताहरूले भन्ने गरेका छन् ।

## एमाले एकैसाथ...

रिटमार्फत प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति, प्रतिनिधिसभा विघटन तथा त्यसपछि भएका सबै निर्णय र नियुक्ति बदर गर्न माग गरिएको छ । रिटमा प्रतिनिधिसभा सदस्य नभएको व्यक्ति, कुनै दलको समर्थन नपाएको तथा संविधानका धारा, ७६ र १३२ (२) विपरीत प्रधानमन्त्री नियुक्ति भएको भन्दै कार्कीको नियुक्ति प्रथम दृष्टिमा नै असंवैधानिक ठहर गर्न आग्रह गरिएको मुख्य सचेतक बर्तौलाले बताए ।

साथै, राष्ट्रपति रामचन्द्र पौडेलद्वारा गरिएको नियुक्ति निर्णय, शपथ तथा पछिल्ला सबै सरकारी कामकारबाही र निर्णय उत्प्रेषणको आदेशले खारेज गर्न माग गरिएको छ । यसरी एकातिर प्रतिनिधिसभा निर्वाचनमा जाने र अर्कोतिर प्रतिनिधिसभा पुनर्स्थापनाको विरोधाभाषपूर्ण कदम चालेको एमालेलाई पार्टीको ११औं महाधिवेशनले छपक्कै छोपेको छ । मंगलबार पार्टी संगठन विभागले महाधिवेशनको प्रतिनिधि छनोट गर्न पाँच बुँदे निर्देशन जारी गरेको छ ।

पार्टी स्थायी कमिटी सदस्य एवं सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीले प्रतिनिधि चयनको निर्वाचन प्रक्रियामा प्रवेश गर्नुभन्दा पहिला सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता सूची अनिवार्य रूपमा प्रकाशन गर्नुपर्ने बताए । यसका लागि केन्द्रीय कमिटीको पछिल्लो परिपत्रलाई आधार बनाउन निर्देशन दिइएको छ ।

त्यसैगरी कायम भएको अन्तिम मतदाता सूचीको सङ्ख्या केन्द्रीय सङ्गठन विभागलाई तत्काल जानकारी गराउन पनि विभागले निर्देशन जारी गरेको छ । यस्तै, मङ्सिर १२ गते साँझसम्म सर्वसहमतिका लागि अन्तिम प्रयास गर्ने र सो नभएमा मङ्सिर १३ गते निर्वाचन प्रक्रियामा गएर प्रतिनिधि छनोट गर्न निर्देशन जारी गरिएको छ । विभागको यो निर्देशनले कुनै पनि बहानामा मङ्सिर १३ गते गर्नुपर्ने प्रतिनिधि छनोटलाई नसार्न निर्देशन गरेको छ ।

केही जिल्लामा प्रतिनिधिको उम्मेदवारी दर्ता शुल्क अत्यधिक तोकिएको जानकारी आएकाले त्यसमा विभागले हस्तक्षेप गरेको छ । प्रतिनिधिमा उम्मेदवारी शुल्क बढीमा एक हजारभन्दा बढी नलिन पनि निर्देशन गरिएको छ । प्रतिनिधि छनोटका लागि सम्बन्धित क्षेत्रमा खटिएका नेतालाई समयमै आफ्नो कार्यक्षेत्रमा पुग्न र प्रतिनिधि छनोट प्रक्रियामा सहजीकरण गर्न पनि विभागले निर्देशन जारी गरेको छ ।

महाधिवेशनअन्तर्गत मङ्सिर १३ गते देशैभरी र प्रवासमा पनि एकै दिन महाधिवेशन प्रतिनिधि छनोट हुँदैछन् । एमालेको महाधिवेशनमा करिब दुई हजार २०० प्रतिनिधि सहभागी हुँदैछन् । नयाँ नेतृत्व चयनमा केन्द्रित हुने महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुँदैछ ।

महाधिवेशनका लागि १६५ सङ्घीय निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी समावेशिताको सिद्धान्तअनुसार एक हजार १३५ प्रतिनिधि सहभागी हुनेछन् । हरेक निर्वाचन क्षेत्रमा रहेका एक हजार २०० पार्टी सदस्य बराबर ४० वर्षमुनिका एक युवा र एक महिलासहित चार प्रतिनिधि हुने एमालेका केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले जानकारी दिए । उनले न्यूनतम एक हजार २०० पार्टी सदस्यमा थप ८०० सदस्य नाघेमा थप एक महिला प्रतिनिधि र त्यसपछि प्रत्येक आठ/आठ सय नाघेमा थप निर्वाचित खुला प्रतिनिधि हुने बताए ।

## सीप सिकेरमात्र...

दक्ष भएर अर्थात् केही न केही सिकेर जाने ७१.८४ प्रतिशत रहेका छन् । यस महिना ११३ जना उच्च दक्ष, २३६ जना व्यवसायिक, ११ हजार ४१८ जना अर्धदक्ष र ३७ हजार ७० जना दक्ष श्रमिक गरी कुल ४८ हजार ८३७ जना कम्तीमा पेशागत ज्ञान लिएर जानेहरू छन् । सबैभन्दा कम दक्ष कामदार भने साउनमा गएका छन् । २८.२५ प्रतिशत अर्थात १९ हजार २४६ जना अदक्ष युवाहरू उक्त महिनामा विदेशिएका हुन् । उक्त अवधिमा उच्च दक्ष, दक्ष, व्यवसायिक र सीप भएकाहरू ७१.७४ प्रतिशत गएका छन् । यस्ता श्रमिकको संख्या ४८ हजार ८६४ रहेको छ ।

आर्थिक वर्ष २०७५/७६को तथ्याङ्क हेर्दा रोजगारीमा जाने अदक्ष कामदारको संख्या बढी थियो । उक्त वर्ष ५६.०९ प्रतिशत अदक्ष श्रमिक विदेशिएका थिए । कुल पाँच लाख आठ हजार ८२७ जना रोजगारीमा गएकोमा दुई लाख ८५ हजार ४४५ जना कुनै सीपबिनै रोजगारीमा गएका थिए । अर्धदक्ष, दक्ष, व्यवसायिक र उच्च दक्ष श्रमिक भने ४३.९० प्रतिशतमात्र थिए ।

आर्थिक वर्ष ७७/७८मा आइपुग्दा केही सुधार भएको पाइन्छ । सो आर्थिक वर्षमा एक लाख ६६ हजार ६९८ जना रोजगारीमा जाँदा ४८.२२ प्रतिशत अदक्ष कामदार थिए । उक्त वर्षमा ८० हजार ३८२ जना सीपबिनै रोजगारीमा गएका थिए । अर्ध दक्षदेखि उच्च दक्ष कामदार भने ५१.७७ प्रतिशत थिए ।

अघिल्लो आर्थिक वर्षको तथ्याङ्क हेर्दा रोजगारीमा दक्षताबिनै जाने श्रमिक २७.०९ प्रतिशत थिए । उक्त अवधिमा आठ लाख ३९ हजार २६६ जना रोजगारीमा गएकोमा दुई लाख २७ हजार ४०७ जना अदक्ष श्रमिक थिए । २७.०९ प्रतिशत अदक्ष श्रमिक गएकोमा ७२ प्रतिशतले कुनै न कुनै किसिमको पेशागत ज्ञान हासिल गरेर गएको पाइन्छ ।

## सुमनराज...

अर्याल शिक्षा मन्त्रालय हुँदै सुदूरपश्चिम प्रदेश सरकारको कामु प्रमुख सचिव बन्न पुगेका थिए । त्यसपछि दोस्रो नम्बरमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सहसचिव एवम् प्रवक्ता राजेन्द्रकुमार पौडेल रहेका छन् । यसअघि लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्री सचिवमा बढुवा हुँदा अर्याल दोस्रो नम्बरमा र पौडेलको नाम तेस्रो नम्बरमा सिफारिस भएको थियो ।

# म्याग्दी नदीमा पानीको सतह घटेपछि पर्खाल निर्माण सुरु



**म्याग्दी–** सदरमुकाम बेनी बजारमा म्याग्दी नदीको कटान नियन्त्रणका लागि आयोजना निर्माण सुरु भएको छ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत बेनीस्थित जिल्ला प्रशासन कार्यालय पछाडि रहेको दरवाङ बसपार्क क्षेत्र भएर बग्ने म्याग्दी नदी किनारमा बाढी र कटान रोकथामका लागि पक्की पर्खाल निर्माण थालिएको हो ।

हिउँद सुरु भएर नदीमा पानीको सतह घटेपछि निर्माण व्यवसायीले काम थालेको आयोजनाका इन्जिनियर नरजङ गुरुङले जानकारी दिए । 'ठेकेदारले पहिलो चरणमा खोलालाई डाइभर्सन गराउन थालेका छन्', उनले भने, 'खोला डाइभर्सनको काम सकेपछि नदी किनारमा पक्की पर्खाल निर्माणको काम सुरु हुन्छ ।'

म्याग्दी नदी किनारमा एक सय ६५ मिटर लामो 'कम्पोजिट' पर्खाल निर्माणका लागि रु पाँच करोड ९७ लाख ५० हजार ६२४ कुल लागत अनुमान गरिएकामा २०८२ साल वैशाख १० गते रु चार करोड २१ लाख ५९ हजार ६९९ मा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौताको म्याद आगामी २०८३ असार २० गतेसम्म छ ।

भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथि ग्याबियन पर्खाल निर्माण गरिने भएको छ । बेनी बजार संरक्षण कार्यक्रममार्फत सङ्घीय सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले एक दशकयता म्याग्दी र कालीगण्डकी नदी कटानको जोखिम रहेको बेनी वरपरको क्षेत्रमा नदी नियन्त्रणका आयोजना सञ्चालन गरेको छ ।

आयोजनामार्फत यसअघि बेनीको मङ्गलाघाट, न्युरोड, कालीपुल क्षेत्रको कालीण्डकी र म्याग्दी नदी किनारमा करिब दुई किलोमिटर पक्की पर्खाल निर्माण भएको छ । यस वर्ष बेनीसहित म्याग्दी र कालीगण्डकी नदी कटानका कारण जोखिममा रहेका म्याग्दी, पर्वत र मुस्ताङमा छवटा नदी नियन्त्रण तथा बस्ती संरक्षण योजना सुरु भएका आयोजना कार्यालयका प्रमुख बिदुरमान श्रेष्ठले बताए ।

ती योजनाको ठेक्का सम्झौता भई निर्माणका लागि निर्माण व्यवसायी कार्यस्थलमा परिचालन भइसकेका छन् । ती आयोजनाको कुल लागत अनुमान रु २० करोड २९ लाख ७६ हजार ८३९ रहेको छ । बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा एक सय दुई, रघुगङ्गा गाउँपालिका-३ स्थित गायत्री मन्दिर संरक्षणका ५३ मिटर र पर्वतको जलजला गाउँपालिका-३ बौरस्थित कालीगण्डकी नदी किनारमा ८० मिटर, कुश्मा नगरपालिका-४ स्थित अर्मादी र जलजला गाउँपालिकाको केन्द्र लामाखेतस्थित कालीगण्डकी नदीमा एक सय २९ मिटर लामो पर्खाल निर्माण गर्न लागिएको हो । *रासस*


### सियान सीड सर्भिस सेण्टर लिमिटेडको छब्बिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८२/०८/१०)

२०८२।०७।०९ गते वसेको संचालक समितिको वैठकको निर्णय अनुसार यस सेण्टरको छब्बिसौं वार्षिक साधारण सभा निम्न मिति, समय एवं स्थानमा हुने ब्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई ब्यक्तिगत रुपमा विद्युतिय उपकरण (WhatsApp, Email, Messenger, Viber) मा पत्र पठाई जानकारी गराइसकिएको छ । उक्त माध्यमवाट जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी सभामा उपस्थित भइ दिनुहुनका लागि हार्दिक अनुरोध गरिन्छ ।

मितिः मंसिर १२ गते शुक्रवार, २०८२ (२८ नोभेम्बर, २०२५)
समयः विहान ११:०० वजे
स्थानः कम्पनीको सभाहल, चन्द्रागिरी न.पा.-७, थानकोट, काठमाण्डौ
सम्पर्क फोन नं. : ९८५१०६६९४६, ९८५१३४४०६१

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

### मोटरसाइकल हराएको सूचना

मिति २०८२/०७/२३ गते अं. १५:३० बजेको समयमा का.जि.का.म.न.पा ८ पशुपतिको पशुपति विद्युतिय शबदाहागृहमा पार्किङ्ग गरि राखेको ठाउँबाट बा.प्र.०२,०५६प२८३८ को कालो रङ्गको ३७३.२७ सिसिको पल्सर मोटरसाइकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनी:हुलास अटो क्राफ्ट प्रा. लि.
ऋणीको नाम: रोशन विश्वकर्मा
ईन्जिन नं.:JLXCRF62449
च्यासिस नं.:MD2C49MXXRCG80219
सम्पर्क नं.:9827771590

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०५।२१ गते का.जि. कागेश्वरि मनोहरा न.पा ०७, सानो गणेश मन्दिर नजिक पार्किङ गरिराखेको रातो/कालो रङ्को १५० सी.सी पल्सर मोटरसाइकल रातको अन्दाजी १२:०० देखि बिहानको ३ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम : हुलास अटो क्राफ्ट कम्पनी
धनीको नाम : शालिग्राम सुवेदी
बाइक नं.: बा.प्र. ०२-०५१ प ५४८०
च्यासिस नं.: MD2A11CX3RPC56487
इन्जिन नं. : DHXRPB23112
ठेगाना : भक्तपुर, हताछे-२
सम्पर्क नं. ९८४१५४५२१४

### नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७४/०५/०२ मा दर्ता भएको श्री **सुप्रिया एग्रो फार्म प्रा.लि. (प्रा.लि. नं. १७३४०२)** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### नवरस बचत तथा ऋण सहकारी संस्था
का.म.न.पा-७, चावहिल, काठमाडौं

**१८औं वार्षिक साधारण सभाको सूचना**

यस संस्थाको मिति २०८२ साल साउन ३१ गते शनिबारका दिन बसेको ८४औं संचालक समितिको बैठकको निर्णयानुसार देहायका प्रस्तावित कार्यसुचीहरू माथि छलफल गरी निर्णय गर्नका लागि यस संस्थाको १८औं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा संचालन हुने गरी कार्यक्रम निर्धारण गरिएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई उक्त मिति, समय र स्थानमा अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**१८औं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८२ साल पौष ११ गते शुक्रबार
समय : अपरान्ह १२:१५ बजे
स्थान : A-one Party palace चावहिल, का.म.न.पा-०७

**निर्णयार्थ प्रस्तावित कार्यसूचीहरू :**

१) संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२) लेखा परिक्षण प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/२०८२ को नाफा/नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण सम्बन्धमा ।
३) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४) आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५) आन्तरिक नीति तथा कार्यविधिहरू संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
६) विनियम संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
७) पारिश्रमिक, भत्ता लगायतका सुविधा सम्बन्धमा ।
८) आ.व. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धमा ।
९) सहकारी एकीकरण सम्बन्धमा ।
१०) साधारण सभाको निर्णय पुस्तिका प्रमाण्ति गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
११) संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
१२) सदस्यका सुझाव सम्बन्धमा ।

### साउदीमा रोजगार

कम्पनी : SABA CORNER CAR WASH

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 330870 | चलानी नं. ६०२४४७५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Washers | 1 | 0 | 1200 | ४५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EASTERN SUPPLY COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 334068 | चलानी नं. ६०२४७७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1200 | ४५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक १७ गते (4th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

### Fewa HR Solutions Pvt. Ltd.
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

### साउदीमा रोजगार

कम्पनी : FUTURE VISION CONTRACTING COMPANY — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 334062 | चलानी नं.६०२४७७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३८,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EASTERN MSAR TRADING & CONTRACTING COMPANY — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 334088 | चलानी नं.६०२४७७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 1 | 0 | 1000 | ३८,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 1 | 0 | 2200 | ८३,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफै |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

### युएइमा रोजगार

कम्पनी : SAMI MOOSA TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 325854 | चलानी नं. ६०२३९८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 30 | 0 | 1200 | ४६,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : IMDAAD LLC

पूर्व स्वीकृति मिति : २०८२/02/04 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 324022 | चलानी नं.६०२३८००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 89 | 0 | 900 | ३५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMIRATES LINK MALTAURO COMPANY - LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 330353 | चलानी नं. ६०२४४१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1500 | ५८,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 30 | 0 | 1200 | ४६,७०५ | | | | | | | |
| 3 | Mason/Tile Worker | 40 | 0 | 1500 | ५८,३८० | | | | | | | |
| 4 | Plumber | 25 | 0 | 1500 | ५८,३८० | | | | | | | |
| 5 | Quralified Scafolders | 25 | 0 | 1500 | ५८,३८० | | | | | | | |
| 6 | Steal Fixer | 40 | 0 | 1500 | ५८,३८० | | | | | | | |

कम्पनी : AL GEEMI CONTRACTING COMPANY L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 317729 | चलानी नं. ६०२३१९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Operator | 47 | 0 | 1500 | ५८,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : G & B CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 328978 | चलानी नं. ६०२४२७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 85 | 0 | 1000 | ३८,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

### Miklajung Rural Municipality
### Office Of Rural Municipal Executive
Madhumalla, Morang
Koshi Province, Nepal

**Invitation For Bid**

first Notice: 09 Mangsir 2082 (25th Nov 2025)

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| Contract Identification Number and description of works | Bid Security Amount (NRs) | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method |
|---|---|---|---|---|
| 1/MRMM/GOODS/SQ/082/83 (Supply of Free medicine and Surgical Equipment) | 85,000 | 1000 | 12:00 noon 11th Dec 2025 | Sealed Quotation |

Eligible bidders may obtain further Information and must submit the online bid from the PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

### एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मितिः २०८२/०८/१० गतेको प्रभाव राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८२।०८।१७ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

लिलाम हुने गैह्र बैकिङ्ग सम्पत्तिको विवरण:

| क्र.स. | जिल्ला | गा.वि.स./न.पा. | वडा नं./ नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कैलाली | महादेउली | २/२ | ५८७ | ४२८८.०२ | जग्गा |
| २. | कैलाली | महादेउली | १/१ | ११०३ | ४६४३.५९ | जग्गा |

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# मटकोर विधि सम्पन्न

**जलेश्वर–** मिथिलाञ्चलको सप्ताहव्यापी विवाह पञ्चमी उत्सवअन्तर्गत सोमबार राति मटिहानी नगरपालिकामा भगवान् रामचन्द्र र माता सीताको मटकोर विधि सम्पन्न भएको छ ।

सम्पूर्ण मिथिलाञ्चलमा विवाहको एक राति पूर्व मटकोर (विवाहको यज्ञवेदी निर्माणका लागि पोखरीबाट माटो खन्ने उत्सव) विधि मनाउने परम्पराअन्तर्गत भगवान् रामचन्द्र र माता जानकीको आज हुने विवाह महोत्सवको एक राति पूर्व सोमबार राति मटिहानी-७ स्थित लक्ष्मी नारायण मठमा मटकोर विधि सम्पन्न भएको लक्ष्मी नारायण मठ मटिहानीका मान महन्थ रवीन्द्र दास वैष्णवले बताए ।

मिथिलाको धार्मिक विधिअनुसार महिलाले विवाहको गीत गाउँदै लक्ष्मी नारायण मठको ठीक अगाडिमा रहेको लक्ष्मी सागर (पोखरी)मा पुगी भगवान् रामचन्द्र र माता सीताको प्रतीक रहेका मूर्तिलाई नुहाई मटकोर विधि सम्पन्न गर्नाका साथै विवाहको यज्ञवेदीका लागि माटो उत्खनन गरेका छन् । मिथिलाको वैवाहिक पद्धतिमा तिलकोत्सव तथा मटकोर महत्वपूर्ण उपक्रम हो । मटकोरको राति लक्ष्मीसागरबाट खनिएको माटोबाट विवाहपञ्चमीका दिन आज जनकपुरमा भगवान् श्री रामचन्द्र र माता सीताको विवाहका लागि यज्ञवेदी निर्माण गरिने छ ।

अयोध्याबाट भगवान्‌को रामको मूर्तिसहित साधु, सन्त, महात्मा, ऋषि, मुनि र जन्तीहरू सोमबार राति मटिहानी पुगेका थिए भने मटिहानीमा राम जानकी विवाहको मटकोर विधि सम्पन्न गरिएको हो । मटकोरका क्रममा सोमबार राति मटिहानीमा यज्ञवेदीका लागि खनिएको माटो लिएर आज जन्तीसहितको टोली महोत्तरीको जलेश्वर नगरपालिका हुँदै पिपरा गाउँपालिका, महोत्तरी गाउँपालिका हुँदै विवाहपञ्चमीका लागि जनकपुर जानेछ ।

प्राचीन धार्मिक ग्रन्थहरूमा उल्लेख भएअनुसार त्रेतायुगमा भगवान् श्री रामचन्द्र र माता सीताको विवाह हुँदा यज्ञवेदी निर्माण गर्न महोत्तरीको मटिहानीस्थित लक्ष्मीसागरबाट पवित्र माटो लगेका थिए र त्यही बेलादेखि मटिहानीमा बर्सेनि रामजानकी विवाह महोत्सवमा मटकोर विधि सम्पन्न गरिने चलन छ । *रासस*

# गण्डकीमा हिमाल आरोहणको आकर्षण बढेन

■ **वासुदेव पौडेल/रासस**

**गण्डकी–** गण्डकी प्रदेश आफैँमा पर्वतीय पर्यटनको दृष्टिले विश्वकै उत्कृष्ट गन्तव्य मध्येमा पर्छ । विश्वकै हिमाल आरोहणको जेठो हिमाल अन्नपूर्ण प्रथम यही प्रदेशमा नै पर्दछ । हिमाल आरोहणका दृष्टिबाट विश्वमा नै इतिहास रच्न सफल अन्नपूर्ण प्रथम रहेको यो प्रदेशअन्तर्गतका हिमालहरूमा आरोहणको अवस्था अत्यन्त नगण्य मात्रामा पाइन्छ ।

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली नागरिक मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै विश्वमा नै हिमाल आरोहणको विषयले चप चासो र चर्चा पाएको हो । समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि मात्रै सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए ।

अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै नेपाल पदयात्रा पर्यटनका लागि पनि विश्वको आकर्षक गन्तव्यका रूपमा विकास भएको थियो । आरोहणको इतिहासमा विश्व कीर्तिमानी कायम गरेको यस प्रदेशमा त्यसयता आरोहणका क्रमले भने अपेक्षित गति लिन नसकेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले बताए ।

पर्वतीय पर्यटनसँगै हिमाल आरोहण यहाँको प्रचुर सम्भावना रहे पनि त्यसको राम्रोसँग उजागर हुन नसकेको गुरुङले बताए । विश्वमा आठ हजार मिटर उचाइमाथिका १४ हिमालमध्ये आठ हिमाल नेपालमा पर्दछन् । जसमध्ये तीनवटा हिमाल गण्डकी प्रदेशभित्रै रहेका छन् । गण्डकी प्रदेशमा आठ हजार १६७ मिटर उचाइको धौलागिरि प्रथम, आठ हजार १६३ मिटर उचाइको मनास्लु र आठ हजार ९१ मिटरको अन्नपूर्ण प्रथम आठ हजार मिटरभन्दा बढी उचाइका हिमाल हुन् ।

गण्डकी प्रदेशअन्तर्गतका जिल्लामा रहेका कुल १२१ हिमाललाई आरोहणका लागि खुला गरिएको छ । गण्डकी प्रदेशअन्तर्गत थप विभिन्न १५ हिमाल आरोहणका लागि प्रस्ताव गरिएका छन् भने छ हजार ९९३ मिटर उचाइको माछापुच्छ्रे हिमाल आरोहणका लागि प्रतिबन्धित छ । विशेषतः गुरुङ समुदायको धार्मिक आस्था र विश्वासको माछापुच्छ्रे हिमालको फेदमा रहेको पूजनीयम बराहको धार्मिक महत्वसँगै प्राचीनकालदेखि नै यो हिमालको आरोहण नभएको पाइन्छ । कास्कीको घान्द्रुकबाट माछापुच्छ्रे आधार शिविर तथा अन्नपूर्ण आधार शिविर जाने मार्गमा पर्ने यो बराह मन्दिरको अलौकिक शक्ति रहेको यहाँका स्थानीयवासी बताउँछन् ।

गण्डकी प्रदेशभित्र रहेको ६ हजार ५०० मिटरभन्दा बढी उचाइका ७१ हिमाल आरोहणका लागि अनुमति प्राप्त भएकामा विगत पाँच वर्षयता २२ हिमालको आरोहणका लागि मात्रै पर्यटन विभागमा अनुमति लिएको पाइएको छ । सन् २०२० देखि २०२४ भित्र सबैभन्दा बढी सन् २०२२ मा ८०४ जनाले आरोहण अनुमति लिएको पर्यटन विभागले जनाएको छ ।

त्यस्तै प्रदेशभित्र ६ हजार ५०० मिटरभन्दा कम उचाइका आरोहणका लागि खुला गरिएका ५० हिमालमध्ये सन् २०२० देखि २०२४ सम्ममा जम्मा पाँच हिमालका लागि ९०७ जनाले आरहेणको अनुमति लिएको पाइएको छ । गण्डकी प्रदेशभित्र हिमाल आरोहणका लागि सबैभन्दा बढी आकर्षण मनास्लु हिमालमा रहेको नेपाल पर्वतारोण सङ्घ गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष शेषकान्त शर्माले बताए । गण्डकी प्रदेशमा पर्वतारोहणका लागि पर्यटक पथ प्रदर्शकको पनि कमी रहेको बताउँदै पछिल्लो समयमा गोरखाको लाप्राकमा पर्यटक पथप्रदर्शकहरू थपिएको उनले बताए ।

पर्वतारोहणको सबै अनुमति पर्यटन विभागबाट हुने गरे पनि ६ हजार ५०० माथि र त्यहाँभन्दा तल उचाइ आदिका कारण अनुमतिको कही प्रावधान भने फरक रहेको उनले सुनाए । पछिल्ला समयमा गण्डकी प्रदेशमा आरोहणको आकर्षण बढाउन प्रयासहरू भने भइरहेको बताउँदै उनले नेपाल पर्वतारोहण सङ्घमार्फत पर्यटक गाइडका लागि तालिममा पनि जोड दिइएको बताए । सङ्घकै आयोजनामा यसअघि ६ हजार १२ मिटर उचाइको धम्पुस पिक र छ हजार १४४ मिटर उचाइको थोराङ पिकको प्रवर्द्धनात्मक आरोहणसमेत गरिएको थियो ।

'यस क्षेत्रमा आकर्षण बढाउनका लागि सबैको साथ र सहयोग आवश्यक छ', शर्माले भने, 'पर्यटक पथप्रदर्शक तयार गर्नका लागि राज्यका तर्फबाट विभिन्न किसिमका तालिम सञ्चालन गरिनु अपरिहार्य छ ।' धेरै सम्भावना भएर पनि पर्वतारोहण पर्यटनको गण्डकी प्रदेशमा आकर्षण बढ्न नसकेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले बताए । हिमाल आरोहणमा आकर्षण बढाउन सकेमा त्यसले गण्डकीको पर्यटनमा ठूलो सहयोग पुग्ने उनको भनाइ छ । गण्डकी प्रदेशमा ठूलासाना गरी धेरै हिमाल रहेका कारण यहाँ पर्वतारोहण पर्यटनको धेरै सभ्भावना रहेको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउँछन् ।

'यहाँका हिमाल तथा चुचुरालाई पर्यटन जोड्नका लागि पर्वतारोहण शिक्षा दिने शिक्षालय आवश्यक छ', उनले भने, 'सामान्य हिमाल आरोहणका लागि पनि पर्यटक पथप्रदर्शक काठमाडौँबाट ल्याउनुपर्ने अवस्था अन्त्य गर्न आहरोणबारे सिकाउनका लागि शिक्षालय अपरिहार्य छ ।' *रासस*

# भीमफेदी कारागारका एक सय ६८ कैदीबन्दी अझै फरार

**बागमती–** मकवानपुरको भीमफेदीस्थित क्षेत्रीय कारागारबाट फरार भएकामध्ये दुई सय ७२ जना कैदीबन्दी कारागार फर्किएका छन्भने एक सय ६८ जना कैदीबन्दी अझै फरार छन् ।

गत भदौ २४ गते राति कारागारको पर्खाल भत्काएर फरार भएका चार सय ४० कैदीबन्दीमध्ये मंगलबार बिहानसम्म दुई सय ७२ कैदीबन्दी कारागार फर्किएको कारागारका प्रमुख सुवास पौडेलले जानकारी दिए । कारागारबाट भागेकामध्ये हालसम्म दुई सय ७२ र अन्य कारागारबाट फरार ३७ गरी तीन सय नौ कैदीबन्दी भीमफेदी कारागार फर्किएको प्रमुख पौडेलले बताए ।

प्रमुख पौडेलका अनुसार भागेकामध्ये भीमफेदी कारागारका एक सय ६८ कैदीबन्दी आझै फरार छन् । फरार भएका ३९ जना विदेशी कैदीबन्दीमध्ये १३ जना कारागार फर्किएको र २६ जना अझै फरार छन् । फरार कैदीबन्दीको खोजीका क्रममा सुरक्षाकर्मीले बिभिन्न स्थानबाट उनीहरूलाई नियन्त्रणमा लिई कारागारमा बुझाएको प्रमुख पौडेलले बताए । कारागारबाट भागेका फरार कैदीबन्दीको खोजीकार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता पुष्कर बोगटीले बताए । *रासस*


**साउदीमा रोजगार** — कम्पनी : AL JALILA CAFÉ FOR SERVING DRINKks (المشروبات مقهى الجليلة لتقديم)

पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | LT. No. 333972 | चलानी नं. ६०२४७७५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 0 | 1200 | ४५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४



**ओमनमा रोजगार** — कम्पनी : NAJAM AL FALAJ AL MUMAIZ TRADING

पूर्व स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 334111 | चलानी नं. ६०२४७७४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 26 | 4 | 100 | ३७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROVE INTERNATIONAL PVT.LTD.
Sukedhara, Opposite to Prime Bank, Kathmandu, Nepal
T: +977-01-4586922 | E:- rove35@yahoo.com | w:-www.roveintl.com
Govt.Lic. No 1033/071/072



**साउदीमा रोजगार** — कम्पनी : SAADI BIN SAAD AL HARBI AND PARTNERS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 319591 | चलानी नं. ६०२३३७२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६८,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



## Sarumarani Rural Municipality
## Office of Rural Municipal Executive
Baddanda, Pyuthan
Lumbini Province, Nepal

### Invitation for Electronic Bids

**Date of First Publication: 26th Nov, 2025**

1. The Office of Sarumarani Rural Municipal Executive, Baddanda Pyuthan invites electronic bids from Nepalese eligible bidders for works as mentioned below under National Competitive Bidding Procedure.

| Contract No. | Description of Works | Bid Document Fee (Nrs.) | Bid Securities (Nrs.) | Estimated Price (With out VAT & PS) |
|---|---|---|---|---|
| SRM/NCB/ Works-03/082/83 | Construction of Ward karyalaya Ring Road Ward No. 3 | 3000 | 65,000 | 22,82,906.88 |
| SRM/NCB/ Works-04/082/83 | Construction of Ratne Rangbang Jaspur Siddhalekh Motarbato Ward No.5 | 3000 | 65,000 | 22,82,341.61 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Sarumarani Rural Municipal Executive, Baddanda, Pyuthan during office hours, Office website https://sarumaranimun.gov.np/. Contact No. 9857035752 and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल मंसिर महिना १० गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय मानेभन्ज्याङबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) ऋणीको विवरण**

आसजित राईको छोरी रास वहादुर राईको बुहारी छिमाराज राईको पत्नी ओखलढुंगा जिल्ला उँवु वडा नं. ५ हाल, मानेभन्ज्याङ गा.पा. वडा नं. ३ बस्ने **शिव कुमारी राई** (ना.प्र.नं. : १३३०५२/३५ जारी मिति र जिल्ला : २०६३/१०/१४, ओखलढुंगा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) पन्च बहादुर राईको नाति रास वहादुर राईको छोरा ओखलढुंगा जिल्ला उँवु वडा नं. ५ हाल, मानेभन्ज्याङ गा.पा. वडा नं. ३ बस्ने **छिमाराज राई** (ना.प्र.नं. : ३०३४१/६४ जारी मिति र जिल्ला : २०५७/०१/०७, ओखलढुंगा)

२) रास वहादुर राईको नाति छिमाराज राईको छोरा ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ३ बस्ने **अजय राई** (ना.प्र.नं. : १३-०१-७४-०२६७७ जारी मिति र जिल्ला : २०७४/०७/१३, ओखलढुंगा)

**२) ऋणीको विवरण**

मेघ व. राईको छोरी श्याम बहादुर राईको बुहारी भैरा बहादुर राईको पत्नी ओखलढुंगा जिल्ला वाक्सा वडा नं. ४ हाल, मानेभन्ज्याङ गा.पा. वडा नं. ३ बस्ने **भरिकन्या राई** (ना.प्र.नं. : ४०४ जारी मिति र जिल्ला : २०४६/०९/२०, ओखलढुंगा)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

हज बहादुर राईको नाति श्याम वहादुर राईको छोरा ओखलढुंगा जिल्ला उँवु वडा नं. ५ हाल, मानेभन्ज्याङ गा.पा. वडा नं. ३ बस्ने **भैरा वहादुर राई** (ना.प्र.नं. : ५८२२/४९ जारी मिति र जिल्ला : २०४३/११/०३, ओखलढुंगा)

**३) ऋणीको विवरण**

कमल कुमार राईको छोरी मकर बहादुर पुलामी मगरको बुहारी मेघ बहादुर पुलामी मगरको पत्नी ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ्ग वडा नं. ४ हाल, मानेभन्ज्याङ गा.पा. वडा नं. ५ बस्ने **सकुरत्न पुलामी मगर** (ना.प्र.नं. : १३१०५०/३४४ जारी मिति र जिल्ला : २०६९/०१/१७, ओखलढुंगा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

ध्यान सिंह पुलामी मगरको नाति मकर व. पुलामी मगरको छोरा ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ्ग वडा नं. ४ हाल, मानेभन्ज्याङ वडा नं. ५ बस्ने **मेघ बहादुर पुलामी मगर** (ना.प्र.नं. : १३१०५०/३४२ जारी मिति र जिल्ला : २०६९/०१/१७, ओखलढुंगा)

**४) ऋणीको विवरण**

लम्बर व. मगरको छोरी गन्धे रानाको बुहारी धन बहादुर राना मगरको पत्नी ओखलढुंगा जिल्ला थाक्ले वडा नं. १ हाल, मानेभन्ज्याङ गा.पा. वडा नं. ६ बस्ने **तिल कुमारी राना मगर** (ना.प्र.नं. : १३३८४९/१०० जारी मिति र जिल्ला : २०६३/११/०१, ओखलढुंगा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

करु राना मगरको नाति गन्धे रानाको छोरा ओखलढुंगा जिल्ला थाक्ले वडा नं. १ हाल, मानेभन्ज्याङ गा.पा. वडा नं. ६ बस्ने **धन बहादुर राना मगर** (ना.प्र.नं. : ५७८६/१७८० जारी मिति र जिल्ला : २०५१/०१/१९, ओखलढुंगा)

**५) ऋणीको विवरण**

बल बहादुर कार्कीको नाति कुल बहादुर कार्कीको छोरा ओखलढुंगा जिल्ला बलखु गा.वि.स. वडा नं. ६ हाल, सुनकोशी गा.पा. वडा नं. २ बस्ने **भिजन कार्की** (ना.प्र.नं. : १३-०१-७२-०३३१४ जारी मिति र जिल्ला : २०७२/१०/१८, ओखलढुंगा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) टिकाराम कार्कीको नाति बल व. कार्कीको छोरा ओखलढुंगा जिल्ला बलखु वडा नं. २ हाल, सुनकोशी गा.पा. वडा नं. २ बस्ने **कुल बहादुर कार्की** (ना.प्र.नं. : ६१०/१२९० जारी मिति र जिल्ला : २०४५/०२/२१, ओखलढुंगा)

२) बल बहादुर कार्कीको नाति कुल बहादुर कार्कीको छोरा ओखलढुंगा जिल्ला बलखु वडा नं. ६ हाल, सुनकोशी गा.पा. वडा नं. २ बस्ने **रिजन कार्की** (ना.प्र.नं. : १३३०४३/६७५ जारी मिति र जिल्ला : २०७०/०१/३०, ओखलढुंगा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निर्वाचनको माहोल बन्नु स्वागतयोग्य

मंगलबार नेकपा एमालेले निर्वाचन आयोगमा निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेको छ । फागुन २१ गते निर्धारण गरिएको प्रतिनिधि सभा निर्वाचनमा भाग लिन एमालेले दल दर्ता गरेसँगै माहोल तातिएको छ । एमालेले यसअघि अन्तरिम सरकारले निर्वाचन गर्नै नसक्ने ठोकुवा गर्दै आएको थियो । भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा प्रहरी चौकीबाट लुटिएका हतियार र कारागारबाट भागेका कैदी देखाउँदै एमालेले निर्वाचन हुनै नसक्ने दाबी गरेको थियो ।

तर जब नेपाली कांग्रेसले निर्वाचनमा भाग लिने औपचारिक निर्णय गर्‍यो एमालेलाई एकाएक निर्वाचनमा भाग लिनुपर्ने दबाब पर्‍यो । लोकतान्त्रिक प्रणाली स्वीकारेको एमालेले बाहिर बसेर सरकारलाई जुन धम्कीपूर्ण भाषामा चेतावनी दिइरहेको थियो त्यो शोभनीय थिएन । तर अब निर्वाचनमा भाग लिनका लागि आयोगमै दल दर्ता गरिसकेको हुनाले मुलुक निर्वाचनमय बनेको छ । एमालेको यो निर्णय स्वागतयोग्य छ । जेन–जी विद्रोहपछि ताजा जनादेश लिनका लागि राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचन नै प्रमुख बाटो भएको बताउँदै आएका छन् । सुशासनका लागि नव युवाहरूले विद्रोह गरेका थिए । यो विद्रोहले दलमा, जनतामा र मतदातामा एकैपटक अभूतपूर्व चेत खुलेको छ ।

निर्वाचनमा भाग लिनका लागि खासै रुची नदेखाउने युवा पुस्ता यसपटक मतदाता नामावली दर्ता प्रक्रियामा उत्साहपूर्ण तरिकाले सहभागी भएका छन् । प्रविधिको प्रयोग गर्दै राष्ट्रिय परिचयपत्रमा लिएको बायोमेट्रिकबाटै मतदाता नामावलीमा नाम दर्ता हुनु यसपटकको लागि खुसीको कुरा रह्यो । निर्वाचनका लागि अर्को खुसीको कुरा हो अन्तरिम सरकारकै तदारुकता । शुरुमा पुनर्निर्माणदेखि विभिन्न मुद्दामा अलमलिएको यो सरकार आफैं निर्वाचन गराउन लागिपरेको छ । सरकारकै मन्त्रीले पनि दल खोलेर निर्वाचनको वातावरण बनाएको हुनाले एककिसिमको माहोल बनेको हो ।

यो बीचमा अझै पनि निर्वाचन हुँदैन भन्ने हल्ला नचलेका हैनन् । तर यस्ता खालका शंकाउपशंका भइरहन्छन् । सरकारलाई झकझक्याउन पनि यसखाले खबरदारी आवश्यक छ । त्यसैले कांग्रेस एमाले जो सरकारमा थिए, अहिले सडकमा आइपुगेका छन् । उनीहरू नै निर्वाचनमा जान तयार भएकाले निर्वाचनका वातावरण बनेको छ । अब जेन–जीदेखि फागुन २१ मा सहभागी हुन तयार बनेका नयाँ दल पनि उत्साहित देखिएका छन् । पक्कै पनि निर्वाचन आयोगले बनाएको कार्यतालिकाअनुसार निर्वाचनको कार्यक्रमहरू अघि बढ्दै जानेछ र आशा गरौं तोकिएकै समयमा निर्वाचन सम्पन्न हुनेछ ।

श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# सामाजिक परिवर्तनमा औद्योगिकीकरणको भूमिका



गम्भीरबहादुर हाडा

> समाजको कुनै एक व्यवस्थामा आएको परिवर्तनले सम्पूर्ण समाजलाई नै प्रभावित गर्दछ । ग्रामीण समाजमा परिवर्तनको कारक अथवा तत्वहरूमा प्राकृतिक कारक, प्राविधिक कारक, सामाजिक कारक, आर्थिक कारक, सांस्कृतिक कारक र राजनीतिक कारक आउँछन् । ग्रामीण क्षेत्रमा औद्योगिकीकरणको विकास भएमा पनि सामाजिक परिवर्तन हुन्छ ।औद्योगिकीकरणलाई साधारणतया प्राविधिक विकाससँग गाँसिन्छ । कुनै पनि समाजमा विकास गर्न र परिवर्तन ल्याउनका लागि प्राविधिक विकास हुनु अति जरूरी छ ।

नेपालजस्तो विकासशील मुलुकमा यति ज्यादा धार्मिक अन्धविश्वास व्याप्त रहेको हुन्छ कि मानिसहरू श्रमप्रति घृणा गर्ने र भाग्यवादमा पूर्णविश्वास राख्ने गर्छन् । धार्मिक अन्धविश्वास र भाग्यवादी सोचका कारण मानिसहरू छोरा र छोरीबीच विभेद गर्नुका साथै परिवार नियोजनप्रति पूर्णतः नकारात्मक धारणा राख्ने गर्छन् । अर्थशास्त्री केडब्लु केपले कम विकसित देशमा आर्थिक विकासको गति कम हुनको कारण धार्मिक भावनालाई जिम्मेवार ठानेका छन् । कठोर प्रवृत्तिका धर्मले आर्थिक तथा सामाजिक विकासको गतिलाई अवरुद्ध गर्न सक्दछ । यसको विपरीत लचकदार मान्यतायुक्त धार्मिक भावनाले आर्थिक तथा सामाजिक विकासलाई कममात्रामा प्रभाव पार्दछ ।

सामाजिक वर्ग विभाजन अर्थात् वर्ग या जाति प्रथाले आर्थिक विकासमा गहिरो प्रभाव पर्दछ । सामाजिक वर्ग विभाजनले नेपालजस्तो विकासशील देशमा कठोर रूप लिएको छ । यस्ता देशका जनता विभिन्न जातिमा बाँडिएका हुन्छन् । सामाजिक वर्ग विभाजनबाट श्रमको गतिशीलतामा कमी ल्याउँछ । यसबाट मानवीय साधनको पूर्णसदुपयोग हुन पाउँदैन । विकासोन्मुख देशहरूमा अनेक नकारात्मक रीतिरिवाजहरू पाइन्छन् । कतिपय देशमा बालविवाह विद्यमान छ । बहुविवाहको प्रचलन पनि व्यापक भएको पाइन्छ । विवाह, व्रतबन्ध, मरण र किरिया खर्च पनि चाहिँदो नचाहिँदो गर्ने गर्दछन् । चाडपर्वमा पनि बढी खर्च गर्ने गर्दछन् । यसबाट आर्थिक बोझ बढी पर्न आएको छ ।

अल्पविकसित राष्ट्रहरूमा पर्दा प्रथा, चाँडो विवाह, भूमिप्रति लगाव सामाजिक बन्धन, प्राचीन राजनीतिक ढाँचा आदि प्राचीन सामाजिक प्रथाहरूको विद्यमानताले आर्थिक विकासलाई अवशेष गर्दछ । पर्दा प्रथा एक त स्वास्थ्यमा खराब प्रभाव पार्दछ दोस्रो यसबाट श्रमको पूर्ति घट्न जान्छ । कतिपय मुलुकहरूमा बहुविवाह, बालविवाह महिलालाई मताधिकारबाट वञ्चित, छोरीलाई पढाउन आवश्यक छैन भन्ने सोच, छोरा र छोरीकाबीच विभेद, धनलाई सामाजिक प्रतिष्ठा दिइने हुँदा राम्रो र नराम्रो तवरले धन आर्जन गर्ने तीव्र प्रतिस्पर्धाजस्ता विकृति पूर्णसामाजिक परम्परा रहेको छ । यसले समाजलाई प्रगतिको मार्गमा उन्मुख गर्नुको बदलामा अधोगति तथा पतनतर्फ मात्र उन्मुख गराएको छ । यस्तो परम्पराले गर्दा वेरोजगारी उत्पादनशीलता आयस्तर, जीवनस्तर बचत, पुँजी निर्माणको दरमा कमी आएको देखिन्छ । विकासोन्मुख राष्ट्रहरूमा उत्तराधिकारको नियमले आर्थिक विकासलाई केही सकारात्मक असर पारेता पनि त्यसको तुलनामा नकारात्मक प्रभाव नै बढी देखिन्छ । उत्तराधिकारको नियमअनुसार सम्पत्तिको विभाजन सन्ततिमा हुने गर्दछ । बाबुआमाको सम्पत्ति छोराछोरीमा विभाजन हुन्छ । कानुन तथा नियमद्वारा त्यस्तो सम्पत्तिको विभाजन प्रक्रिया तय गरिएको हुन्छ ।

निजी सम्पत्तिको अधिकार कम विकसित देशको सामाजिक संस्था संरचनाको महत्त्वपूर्ण पक्ष हो । यस परिपाटीअनुसार व्यक्तिले आफ्नो तथा आफ्नो परिवारको पालनपोषण तथा आर्थिक स्थायित्वका लागि निश्चित परिमाणमा जमिन, भवन तथा अन्य चल/अचल सम्पत्ति राख्न सक्दछ । साधारणतः जुन राष्ट्रहरूमा निजी सम्पत्तिलाई प्राप्त गर्ने र त्यसलाई उपभोग गर्ने स्वतन्त्रता हुन्छ त्यस्तो ठाउँमा आर्थिक विकास तीव्र गतिबाट हुन्छ । अमेरिका, बेलायत, क्यानाडा आदि राष्ट्रहरूमा पुँजीवादी उत्पादन प्रणालीले विष्मयकारी आर्थिक प्रगतिलाई सम्भव बनाएको छ । तर साम्यवादी मुलुकमा व्यक्तिगत सम्पत्तिको अधिकार दिइँदैन । सम्पूर्ण सम्पत्ति राज्यको नियन्त्रणमा रहन्छ तथा व्यक्ति र परिवारको आवश्यकता पूर्तिको प्रत्याभूति राज्यले दिएको हुन्छ । त्यसो भएता पनि यस्ता मुलुकहरूमा पनि आर्थिक र सामाजिक विकासमा राम्रो प्रभाव पारेको छ । समाजद्वारा स्वीकृत तथा समाजद्वारा मानवीय आवश्यकताहरू पूर्ति गर्न अपनाएको साधन, ढंग, कार्यविधि र प्रणालीहरूलाई नै संस्था भनिन्छ । संक्षेपमा मानवीय आवश्यकताहरू र उद्देश्यहरूको पूर्ति गर्न समाजले अपनाएको साधनलाई संस्था भनिन्छ, जस्तैः धर्मको स्वरूप, सामाजिक वर्गीकरण, रीतिरिवाज, संयुक्त परिवार प्रथा, उत्तराधिकारको नियम, कानुन आदि ।

सामाजिक प्रक्रिया व्यवहार गर्ने त्यस्तो ढंग वा ढाँचा हो जसद्वारा एउटा समूहका सदस्यहरूको सम्बन्ध स्थापित हुन्छ र एक भिन्न विशेष प्राप्त गर्दछन् । सामाजिक प्रक्रियाको अर्थ विभिन्न व्यक्ति तथा समूहहरूको बीचमा हुने अन्तरक्रियाको विविध प्रकार हो जसअन्तर्गत सहयोग, द्वन्द्व, सामाजिक विभेदीकरण, एकीकरण विकास, उत्थान र पतन आदि पर्दछन् । समाज भनेको दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीचको अन्तरसम्बन्ध हो । अन्तरक्रियात्मक सम्बन्धको जालो हो । मानवीय सम्बन्ध हो । यसैले सामाजिक परिवर्तन मानवबीचको सम्बन्धको स्वरूपमा, ढाँचामा, विशेषतामा आउने फेरबदल हो । भिन्नता हो, संशोधन हो । रूपान्तरण हो, परिवर्तन तथा फेरबदल एक शाश्वत नियम हो । निरन्तर प्रक्रिया हो ।

परिवर्तन भनेको कुनै पनि चीजको पहिलो अवस्था, ढाँचा स्वरूप अथवा विशेषतामा आउने अन्तर, भिन्नता या फेरबदल हो । समयको अन्तरालमा कुनै पनि वस्तुमा देखापर्ने भिन्नता नै परिवर्तन हो । सामाजिक परिवर्तन सामाजिक सम्बन्धको प्रणालीमा आउने भिन्नता तथा अन्तर हो । सामाजिक सम्बन्धहरू भन्नाले सामाजिक प्रक्रियाहरू, अन्तरक्रियाहरू र सामाजिक संगठन, संरचना, व्यवस्थाहरू हुन् भन्ने बुझिन्छ । सामाजिक परिवर्तनको अर्थलाई म्याक्लेभर भन्छन्, 'मानवीय सम्बन्धमा हुने परिवर्तन सामाजिक परिवर्तन हो ।' किंग्सले डेभिस भन्छन्, 'सामाजिक परिवर्तनको तात्पर्य त्यस्ता समस्त अन्तरहरू हुन्, जुन अन्तर सामाजिक संगठन, ढाँचा, वनोट तथा प्रकार्यमा देखिन्छ ।'

सामाजिक परिवर्तन एक सार्वभौमिक घटना हो । सामाजिक परिवर्तनको गति असमान र तुलनात्मक हुन्छ । सामाजिक परिवर्तन नियमित र जटिल तथ्य हो । सामाजिक परिवर्तनको विषयमा भविष्यवाणी गर्न सकिँदैन । सामाजिक परिवर्तन योजनाबद्ध र स्वतस्फूर्त दुवै हुन्छन् । सामाजिक परिवर्तनद्वारा मानिसको मनोवृत्ति र चालचलनमा सुधार ल्याउँछ । जाति प्रथा, धार्मिक रीतिरिवाज उत्तराधिकारीको नियम, संयुक्त परिवार प्रणालीलाई समयअनुसार परिवर्तन गर्न सकेमा आर्थिक विकासलाई मद्दत पुर्‍याउने गर्दछ । देशमा आर्थिक विकास तीव्ररूपमा गरेर, शिक्षा र सञ्चारको विकास गरेर, आम्दानी र रोजगारी बढाएर, उत्पादनमा नवीनतम् प्रयोग गर्ने, औद्योगिकीकरणमार्फत समाजमा रहने मानिसहरूको मनोवृत्तिमा परिवर्तन ल्याएर विकासका लागि ग्रामीण क्षेत्रमा विद्यमान भएको जाति भेद, परिवारको ढाँचा, धार्मिक विचार तथा जनताको सामाजिक मान्यता आर्थिक विकासको अवरोधको रूपमा खडा भएर रहेका पाइन्छन् ।

सामाजिक संगठन यस्तो प्रकारको छ, सर्वसाधारण जनता परम्परागत व्यवसायमा काम गर्न उचित ठान्दछन् । जनसमुदाय आर्थिक विकासलाई सुहाउने परिवर्तनको पक्षमा हुँदैनन् । धार्मिक कार्यमा मानिसहरू संलग्न हुन्छन् र भौतिक कल्याणलाई महत्त्व दिँदैनन् । तिनीहरूको पुरानो संस्कृतिमा विश्वास बढी हुन्छ । संयुक्त परिवार आर्थिक विकासको अवरोधको रूपमा खडा भइरहेको हुन्छ- किनभने यसले व्यक्तिहरूमा समाजिक गतिशीलता बचत तथा जोखिम लिने प्रवृत्ति र भौतिक प्रगतिको निम्ति काम गर्ने बानीलाई हतोत्साहित गरेको पाइन्छ ।

व्यक्तिहरूमा के भावना हुन्छ भने एक व्यक्तिले आफ्नो परिश्रम तथा साहसद्वारा कमाएको धन चाहे काम गरोस् अथवा नगरोस् परिवारका सबै सदस्यहरूमा वितरण गरिन्छ । यसले कुनै एक व्यक्तिको आर्थिक आकांक्षा तथा प्रेरणालाई नाश पारिदिन्छ, जुनविना आर्थिक विकास सम्भव हुने छैन । नेपालका ग्रामीण क्षेत्रमा जुन प्राचीन सामाजिक मान्यता, विश्वास र संस्थाहरू आर्थिक विकासको अवरोधको रूपमा खडा भइरहेका छन् ती पुराना मान्यताहरू हटाई आर्थिक विकासलाई सुहाउने नयाँ मान्यताहरूलाई अँगाल्नुपर्ने आवश्यकता छ । यसैमा आर्थिक विकास निर्भर छ । मुख्य समस्या अर्थव्यवस्थाले कतिको आर्थिक परिवर्तन गर्न सक्दछ भन्ने होइन, बरु अविकसित तथा पिछडिएको जनताले कतिको र कति छिटो सामाजिक परिवर्तन अंगीकार गर्न सक्दछ ।

आर्थिक विकासलाई इच्छा, योग्यता, गुण, क्षमता, ज्ञान, भावना, मान्यता, संस्कार, उद्देश्य, आकर्षण, संस्था संगठन र राजनीतिक प्रबन्ध आदि अनगिन्ती विभिन्न प्रकारका सामाजिक भावनाद्वारा निर्धारण गरेको हुन्छ । जुन समाजमा गुण, ज्ञान, अनुभव, कुशलता, अनुशासन, दूरदर्शिता, विवेक तथा सहनशीलताजस्ता आवश्यक गुणहरू विद्यमान हुन्छन् । त्यो समाज आफ्नो आवश्यकता पूर्ति गर्न चाहिने साधन र स्रोत उपलब्ध गराउन सक्ने उपाय तथा अनुभवको खोज गर्न समाजमा नयाँ परिवर्तन ल्याउन सफल हुन्छ । विकास आर्थिक स्रोतको प्राप्तिले मात्र हुन सक्दैन, जनताले आफ्नो तन, मन, धन लगाएर देश र देशवासीको विकास नै हाम्रो विकास हो भन्ने धारणा लिई सक्रियताका साथ सामाजिक परिवर्तन गर्न कटिबद्ध हुनेतर्फ आफ्नो तत्परता देखाएको हुनुपर्दछ ।

विकास जनताका लागि हो र जनताद्वारा नै हुनुपर्दछ । जसरी जनभावनालाई एकत्रित गरी राष्ट्रिय लक्ष्य पूरा गर्न सकिन्छ त्यस्तै प्रकारको नीतिको अवलम्बन हुनुपर्दछ । रुढीवादी परम्परामा आधारित ग्रामीण समाजले नवीन परिवर्तनशील भावनालाई दिलले समर्थन गर्दा आर्थिक विकासका कृषि, उद्योग, निर्माण आदि अनेक क्षेत्रमा प्राप्त हुन सकेको हुँदैन । नवीन तरिका, नवीन प्रविधि, नवीन बीउ, मल, उपकरण, नवीन सामग्रीहरूलाई प्रयोगमा ल्याउन समाजले अस्वीकार गर्छ ।

परिवर्तन शब्दले एकरूपबाट अर्को रूपमा आउनु, हेरफेर हुनु, नयाँ रूप दिनु, सुधार्नु, कुनै काल वा युगको अन्त्य भई नयाँ युग आउनु भन्ने कुरा जनाउँछ । त्यसरी नै सामाजिक परिवर्तन भन्नाले कुनै पनि एक निश्चित समयावधिभित्र समाज वा सामाजिक व्यवस्थामा देखापर्ने भिन्नतालाई जनाउँदछ । सामाजिक परिवर्तनले सामाजिक सम्बन्धहरू, सामाजिक संरचना, सामाजिक संस्थाहरू र तिनीहरूको सम्बन्ध क्रिया, अन्तरक्रियाहरूमा आउने परिवर्तनहरूलाई जनाउँछ ।

समाजको कुनै एक व्यवस्थामा आएको परिवर्तनले सम्पूर्ण समाजलाई नै प्रभावित गर्दछ । ग्रामीण समाजमा परिवर्तनको कारक अथवा तत्त्वहरूमा प्राकृतिक कारक, प्राविधिक कारक, सामाजिक कारक, आर्थिक कारक, सांस्कृतिक कारक र राजनीतिक कारक आउँछन् । ग्रामीण क्षेत्रमा औद्योगिकीकरणको विकास भएमा पनि सामाजिक परिवर्तन हुन्छ । औद्योगिकीकरणलाई साधारणतया प्राविधिक विकाससँग गाँसिन्छ । कुनै पनि समाजमा विकास गर्न र परिवर्तन ल्याउनका लागि प्राविधिक विकास हुनु अति जरुरी छ । उद्योगमा प्राविधिक विकास भन्नाले घरेलु उत्पादन अर्थात् हातले गरिने कार्यहरू मेसिनहरूद्वारा गरिन्छ र बृहत् मात्रामा उत्पादन हुन्छ । औद्योगिकीकरणले कृषिमा आधारित जनसंख्याको भारलाई बढाउँछ । यसले गर्दा स्थानीय स्रोत र साधनहरूको परिचालन हुन्छ र मानिसहरूलाई रोजगारी प्राप्त भएर आम्दानीमा वृद्धि गर्न सहयोग पुर्‍याउँछ । *रासस*

पाठक मञ्च

## महंगो ठाउँमा घरजग्गा कारोबार ठप्प

काठमाडौं देशको राजधानी । त्यसमा पनि इन्द्रचोक, ठमेल, भोटाहिटी, वसन्तपुर, न्युरोड, असन, भेडासिंह, बांगेमुढा, क्षेत्रपाटी, ढल्कु, महाबौद्ध, सुन्धारा, लगनचोक राजधानीको प्रमुख केन्द्र । यी ठाउँ हेर्ने रहर काठमाडौं उपत्यकाभित्रै बसोबास गर्ने र देशभरका विभिन्न भागमा बस्नेहरूमा हुन्छ ।

मुलुकका विभिन्न भेगबाट राजधानी पस्ने मानिसहरू यी ठाउँ पुग्ने गरेका छन् । यहाँ उपत्यकाबासी पनि गइरहन्छन् । अहिले काठमाडौंका यी ठाउँमा पाँच-छ दशकअघि कहिले पनि नभएको बूढापाका बताउँछन् । त्यतिबेला यहाँ खेतबारीमात्र थियो । कसैकसैको कच्ची इँटाको घर हुन्थ्यो ।

यी ठाउँ नेवार समुदायको बस्तीमा रूपमा चिनिन्थ्यो । यहाँ धेरैजसो नेवारहरूकै बसोबास हुन्थ्यो । कच्ची इँटा, माटो र खरको छानो, पराल वा झिंगटी लगाएर घर बनाएका उनीहरू व्यापार व्यवसाय गर्थे । आफ्नै घरको तल पसल थाप्थे । कोही-कोहीचाहिँ सामान डुलाउँदै बेच्थे ।

राजधानीका यी ठाउँबाट अहिले नेवार समुदाय विस्थापित भइसकेको छ । पुराना, मौलिक घर भत्किसकेका छन् भने सिसा, इँटा, डण्डी, मार्बल टाँसेर ठूल्ठूला घर बनाइएको छ । घर र नेवार समुदायमात्र विस्थापित भएनन्, अहिले ठाउँमा व्यापार व्यवसाय गर्नेमा अन्यको वर्चश्व छ । पहिले नेवारको बसोबास हुने ठाउँमा अहिले अरु नै देखिन्छ । चार दशकअघि दशदेखि सयौं रोपनी जग्गा भएकाहरू उपत्यकाबाटै विस्थापित भएका छन् । कोही सुकुम्बासी हुन पुगेका छन् भने कोही अन्यत्र पुगेका छन् । इन्द्रचोक, महाबौद्ध, असन, ठमेललगायत क्षेत्रका जग्गाको सरकारी मूल्य दुई वर्षअघि आनाकै ७५ लाख थियो । तर, जग्गाचाहिँ आनाको तीन करोडदेखि १४ करोड रूपैयाँसम्ममा किनबेच हुन्थ्यो ।

फेरि मालपोतमा नामसारी गर्ने बेला सरकारी मूल्यांकनअनुसार ७५ लाखकै राजस्व तिरिन्थ्यो । काठमाडौं महानगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को बजेट र नीति तथा कार्यक्रममार्फत यी ठाउँको जग्गाको मूल्य आनाको ५० लाख रूपैयाँ तोकेको छ । केही वर्षअघि यी स्थानमा घरजग्गा किनबेचका लागि हानाथाप हुन्थ्यो । अहिले नै सुनसान छ । यहाँ घरजग्गा कारोबार ठप्पै भएको छ । काठमाडौंको सबैभन्दा महँगो ठाउँ नै यी स्थान हुन् । एउटा सानो ठाउँको समेत पाँच हजारदेखि ३५ लाखसम्म भनिन्छ ।

एउटा सटरको ५० हजारदेखि २० लाख, एक फ्ल्याटको ६० हजारदेखि तीन लाख रूपैयाँसम्म असुलिन्छ भने खाली सटर २० लाखदेखि ६० लाख रूपैयाँसम्ममा किनबेच हुन्छ । घर भाडाजतिकै सामानको मूल्य पनि यहाँ चर्को छ । यहाँ मात्र होइन, भाटभटेनी सुपरमार्केटमा पनि उस्तै छ । बाहिर ७०० मा पाइने जुत्ता भाटभटेनीमा पाँच हजार रूपैयाँ लियो भनेर आमनागरिकहरू कुरा गरिरहेका सुनिन्छ ।


सरकारलाई ऋण लिनमै फुर्सद छैन । देशको सार्वजनिक ऋण २९ खर्ब ४२ अर्ब पुगिसक्यो । निर्माण व्यवसायीको ४५ अर्ब, दुग्ध तथा उखु किसानको सात अर्ब र कोरोना बिमा गराएका अस्पतालहरूको २४ अर्ब भुक्तानी गर्न बाँकी छ । यो ऋण कसरी तिर्ने ? भनेर न जनतालाई चिन्ता छ न सरकारलाई ।

भारत र चीनले कब्जा गरिसकेको नेपाली भूभाग, सिक्किम, दार्जीलिङ, टनकपुर, कोलकत्ता, कालापानी, लिम्पियाधुराबारे कोही बोल्दैनन् । राजधानीकै रैथानेहरू विस्थापित हुँदै गरेको कसले चासो लेओस् । नेपाली जनता सीधा हुँदा त्यसको फाइदा नेतादेखि छिमेकी मुलुकहरूले लिइरहेका छन् । कहिले जाग्ने खै हामी ?

**– रुषा थापा**

# चुहिएको छानो र झ्यालको पल्ला फेर्ने देवको सपना अधुरै

■ सिंगबहादुर थापा/सर्लाही



> श्रीमतीसँगै कलकलाउँदो उमेरको सन्तान वियोगको वेदनाले देवकुमारका ८५ वर्ष उमेर पुगेका बुबा उजिरबहादुर र ६७ वर्षकी आमा यशोदाकुमारी पनि विक्षिप्त छन् । पाँच छोरा र दुई छोरीका मातापिता उजिरबहादुर र यशोदाको यो दोस्रो सन्तान वियोगको पीडा हो । २०७० सालतिर बिच्छीले टोकाइबाट काइलो छोरा बितेको पीडा ताजै छ ।

छब्बिस वर्षीया पार्वती सुवेदीको अझै मन सम्हालिएको छैन् । उनलाई गत भदौ २४ गतेको त्यो दिनले अहिले पनि एक्लै बस्न दिँदैन । त्यो दिन सम्झँदा अहिले पनि उनी भक्कानिन्छिन् । सत्ताइस वर्षका श्रीमान् देवकुमार सुवेदीको जेन्जी आन्दोलनको क्रममा गोली लागेर मृत्यु भएपछि पार्वतीका हरेक दिनहरू पीडामा बितेका छन् ।

आफूनो जीवनको खुसी खोसिएको भदौ २४ गतेले आफूलाई बेलाबेलामा झस्काउने गरेको उनी सुनाउँछन् । 'दिनभरि यताउता गरेर बित्छ, जब साँझ पर्छ, श्रीमान् आउनु हुन्न भन्ने मनमा पर्दा मन भक्कानिएर आउँछ,' आफू र श्रीमान्ले भएको ऋणधन तिरेर छोरीको भविष्य बनाउन देखेको सपनाले सताइरहेको उनले बताए ।

भदौको तेस्रो हप्ता जेन्जी आन्दोलन हुने हल्ला सुरु भयो । आन्दोलन कस्तो होला ? अन्योल थियो । देवकुमार पनि श्रीमती र छोरीसहित ललितपुरको सानेपामा रहेको सडक डिभिजन कार्यालयमा ज्यालादारी कर्मचारीको रूपमा कार्यरत थिए । कार्यालय सहयोगी, चालकदेखि सुरक्षा गार्डसम्मको काम गर्ने भएकाले देव कार्यालय परिसरमै रहेको क्वाटरमा बस्थे ।

पहिलो दिनको आन्दोलनमा केही विद्यार्थीको गोली लागेर ज्यान गएपछि भोलिपल्टको अवस्था थप जटिल बन्यो । भदौ २३ गते आन्दोलन हुँदासम्म काठमाडौँका अधिकांश कार्यालय सञ्चालनमै थिए । त्यसकारण देवकुमार पनि कार्यालयमै व्यस्त भए । तर, दिउँसो भएको आन्दोलन अनियन्त्रित भएपछि काठमाडौँमा कर्फ्यू आदेश जारी भयो ।

अधिकांश मानिस अघिल्लो दिनको बर्बरतापूर्ण दमनको प्रतिकारमा उत्रन आतुर देखिएका थिए । सोही हुटहुटीले देवकुमारलाई पनि सडकसम्म ल्यायो । 'बिहानै अफिसको मोटामोटी काम सकेर उहाँ कोठामा आउनुभयो,' पार्वतीले भनिन्, 'मैले आज अफिस खुल्छ त ? भनेर सोधेँ । उहाँले खै भन्ने जवाफ दिनुभयो ।'

हामी कोठामा नियमित काममा लाग्यौँ । हाम्रो नौ वर्षकी छोरी छिन् । उनी मसँगै थिइन् । देवको कामबाट आएको तलबले मात्र हामीलाई खर्च कम हुन्थ्यो । थोरै भए पनि सहयोग हुन्छ, भनेर मैले पनि बिहानको समयमा काम गर्ने गरेको थिएँ ।

'यसरी पनि नहुने भयो भनेपछि उहाँले एकजना दाजुसँग मिलेर बिहान-बेलुका कालीमाटीमा तरकारी व्यापार गर्ने योजना बनाउनुभयो,' घटनाको दिन स्मरण गर्दै पार्वती भन्छन्, 'त्यो दिन सडक विभागको कार्यालय बन्द हुने भएपछि तरकारी व्यापार साझेदारसँग भेटेर फर्पिङमा लप्सीका लागि अपुग पैसा पुऱ्याउन जाने भनेर ३५ हजार रूपैयाँ बोकेर निस्कनुभयो । उहाँले जाने बेलामा साझेदार दाजुकोमा खाना खाने योजना छ भनेर सुनाउनु पनि भयो । त्यसपछि हामी आमाछोरी खाना खान बस्यौँ । तर, उहाँले गाडी नपाएपछि घर फर्कनु भएछ । पैसा पठाई दिएँ तर जान मिलेन भनेर घर आउनु भएपछि मैले खान खानु न त भनेँ, उहाँले मान्नु भएन । आन्दोलन हेरेर आउँछु भनेर निस्कनुभयो । आन्दोलनमा होमिएकाहरूलाई उहाँले खाना फलफूल बाँडेर आउनुभएको रहेछ । मैले पनि त्यही खाएँ भनेर, खान खान मान्नु भएन । ब्याग र नयाँ जुत्ता कोठामै राखेर पुरानो जुत्ता लगाएर फेरि जान्छु भनेर हिँड्नुभयो ।'

पार्वती थप्छिन, 'मैले नजानुस् हिजो त्यस्तो घटना भएको छ । भनेर सम्झाउन खोजेँ तर उहाँले बाहिर देश परिवर्तनको आँधीबेहरी चलेको छ । हामी जस्तो युवा घरमा लुकेर बसेर हुन्छ ? देश लुटेराहरूले भ्रष्टाचार गरेर आफू मात्र बने, देश खोक्रो पारे । म कालीमाटीसम्म पुगेर हेरेर आउँछु, भन्दै उहाँ हिँड्नुभयो । म र छोरी खाना खाएर बसेका थियौँ । एकैछिनमा बल्खु तर्फबाट ठूलो सङ्ख्यामा आन्दोलनकारीहरू आए । त्यो देखेपछि मेरो मनमा पनि चिसो पस्यो । त्यतिबेलासम्म मेरो दिदी पनिसँगै हुनुहुन्थ्यो । दिदीलाई अनुरोध गरेर श्रीमान्लाई खोज्न हिँडेका हामी आन्दोलनकारीको भीडमा हराएपछि दिदीले सानो नानी बोकेर यस्तो भीडमा हिँड्नु हुन्न, उहाँ आउनुहुन्छ भनेपछि हामी कोठामा फर्कियौँ ।'

कोठामा फर्किएको केही बेरमै कोठा नजिकै होटल चलाउने दाजुले आएर बहिनी अस्पताल जनुपऱ्यो भनेपछि पार्वतीको मनमा चिसो पस्यो । 'म त्यसबेला नै बेहोस हुन्छु कि जस्तो भइसकेको थिएँ । मैले के भयो दाजु ? भनेर सोधेँ, उहाँले भाइलाई खुट्टामा गोली लागेको छ, जानुपऱ्यो भन्नुभयो । उहाँले म सम्हालिन्न भनेर झुटो बोल्नुभएको रहेछ । यतिकैमा दिउँसोको ३ बजिसकेको थियो होला । हामी हस्याङफस्याङ गर्दै अस्पताल पुग्दा उहाँलाई शल्यक्रियाको लागि लैजाँदै रहेछन् । उहाँले हातको इसाराले मलाई केही हुन्न मलाई ठीक छ, तिमी जाउ भन्नुभयो,' पार्वतीले भनिन् ।

श्रीमान्को दायाँ कोखाबाट लागेको गोली बायाँ कोखाबाट निस्किएको थियो भन्ने सुनेपछि उनलाई के भयो, केही थाहा छैन् । भोलिपल्ट बिहान ९ बजेतिर उहाँको मृत्यु भयो भनेर डाक्टरहरूले भने त्यसपछि पार्वती मुर्छित बनिन् । पछि जेठाजुहरू आएर अस्पतालबाट शव निकालेर पशुपतिमा अन्त्येष्टि गरी सर्लाहीको घरमा काजक्रिया गरेको उनी बताउँछिन् । यस घटनापछि टुटेको मन छोरीलाई हेरेर सम्हाल्ने गरेको पार्वतीको भनाइ छ । श्रीमान्ले आफूसँग कठोर दुःख गरेर भए पनि छोरीको भविष्य राम्रो बनाउने सपना देखेको सुनाउने गरेको उनले बताइन् ।

आफूले श्रीमान् गुमाए पनि देवको बलिदानी खेर जानु नहुने उनको माग छ । 'उहाँ जस्ता धेरैको ज्यान गयो, पार्वतीले भनिन्, 'उहाँहरूले देशको भ्रष्टाचार र बेथितीविरुद्ध आफ्नो ज्यान दिनुभएको हो । त्यो अन्त्य भए मात्र उहाँहरूको बलिदानीले सार्थकता पाउँछ ।' अब बन्ने सरकारले जेनजीको एजेन्डाअनुसार नै काम गर्नुपर्ने माग पार्वतीको छ । जेन-जी आन्दोलनमा ज्यान गुमाएकाहरूसँगै पीडित बनेका परिवारको अवस्था बुझेर व्यवस्थापन गर्न राज्यसँग उनको अनुरोध छ । 'यहाँ एक व्यक्ति मरेको मात्र छैन्,' उनले भनिन्, 'बाआमाको सन्तान खोसिएको छ । श्रीमतीको सिउँदो पुछिएको छ । सन्तान टुहुरा बनेका छन् । राज्यले यति ठूलो क्षतिको नजरअन्दाज गर्न मिल्दैन । यो कसैलाई पद र प्रतिष्ठा प्राप्त गर्न बगेको रगत हैन ।'

श्रीमतीसँगै कलकलाउँदो उमेरको सन्तान वियोगको वेदनाले देवकुमारका ८५ वर्ष उमेर पुगेका बुबा उजिरबहादुर र ६७ वर्षकी आमा यशोदाकुमारी पनि विक्षिप्त छन् । पाँच छोरा र दुई छोरीका मातापिता उजिरबहादुर र यशोदाको यो दोस्रो सन्तान वियोगको पीडा हो । २०७० सालतिर बिच्छीले टोकाइबाट काइलो छोरा बितेको पीडा ताजै छ ।

सानैदेखि अति मिलनसार स्वभावका देवकुमारले कक्षा २ सम्मको पढाइ कटारी र एसएलसीसम्मको अध्ययन सिन्धुलीको दुधौलीमा पूरा गरेका हुन् । हक्की स्वभावका उनी छिट्टै भावनात्मक र आक्रामक हुने गरेका साइला दाजु भानुभक्तले सुनाए । जो कोहीसँग पनि छिट्टै घुलमिल हुनसक्ने स्वभावका देवकुमारलाई कार्यालयमा समेत सबैले रुचाउने गरेका उनको भनाइ छ । उदयपुर जिल्लाको कटारी नगरपालिका-११, हर्देनी पुर्खौली थातथलो रहेको सुवेदी परिवार आठ वर्षअघि मात्र सर्लाहीको लालबन्दी नगरपालिका-५, मेजरगञ्जस्थित शान्तिटोलमा बसाइँ सरेर आएको हो ।

गत साउनमा कार्यालयको कामले देवकुमार घर आएका थिए । त्यसबेला भएको भेट नै उनका बुबा र आमासँगको अन्तिम भेट भयो । साउन अन्तिममा घर आइपुग्नुभएका देवकुमारले छानो चुहिएको देखे । झ्यालमा पल्ला नहुँदा हिउँद् वर्षामा बस्न निकै समस्या भएकाले माघमा आएपछि छानो छाउने र झ्यालमा पल्ला लाउने भनेर जानुभएको बुबा उजिरबहादुर सम्झन्छन् ।

हरेक पटक चुहिने छानो र झ्यालको पल्ला देख्दा छोरोको झझल्को आउने गरेको गहभरि आँसु पार्दै उजिरबहादुरले सुनाए । उजिरबहादुर कान सुन्दैनन् भने आमा यशोदाको फोक्सोमा समस्या छ । अहिले पनि नियमितजसो उपचारको लागि काठमाडौँ जाने गरेको उनले सुनाए । कान्छो छोरा बितेपछि पनि उनी काठमाडौं पुगे तर छोराको सम्झनाले पुरानो ठाउँ र अस्पताल जान सकेनन् ।

'यसपटक साइलो छोराले अर्कै अस्पताल खोजेर उपचार गराएर पठायो । यताको सबै कुरा छोराहरूले हेरिरहेका छन् । महिनाको छ/सात हजार रूपैयाँसम्मको औषधि खानुपर्छ,' उनले भने, 'यो उमेरमा कलिला छोरा अघि लाएर बाँच्नु नै हाम्रो लागि ठूलो रोग भयो ।' कान्छो छोराले देशका लागि ज्यान बलिदानी दियो भनेर छिमेकीले सुनाउँदा आफूलाई कोख खाली हुँदै गयो भन्ने चिन्ता लागिरहेको उनको दुःखेसो थियो ।

राष्ट्रका लागि ज्यान दिने श्रीमान्को कृति रहनेगरी राज्यले सम्मान गरिदिनुपर्ने पार्वतको माग रहेको छ । सङ्घ सरकारले सहिद घोषणा गरेको भन्दै स्थानीय सरकारले समेत देवको योगदानको कदर गर्दै सालिक निर्माण गरिदिन उनको आग्रह छ । राज्यले दिने राहतभन्दा पनि आफूहरूका लागि भाइले दिएको बलिदानीको उचित कदर सम्मान नै पीडित परिवारको मल्हमपट्टी हुने साइला दाजु भानुभक्त बताउँछन् । घटनापछि सरकारले गरेको घोषणअनुसार १५ लाख आर्थिक सहायता दिने निर्णयबमोजिम पीडित परिवारलाई उक्त रकम हस्तान्तरण भइसकेको छ । *रासस*

# नेपालमा पहिलोपटक बाथरोगको 'जेनेटिक' परीक्षण सुरु

**काठमाडौं–** नेपालमा पहिलोपटक बाथ रोगको अनुवाङ्शिक 'जेनेटिक' कारण पत्ता लगाउन नयाँ तीनवटा परीक्षणको सुरु गरिएको छ । नेक्स जेन ल्याब सोलुसनले तीन किसिमका बाथरोग पत्ता लगाउन तीन किसिमका जेनेटिक परीक्षणको सुरुआत गरेको हो ।

सोलुसनका प्रबन्ध निर्देशक नरेश पाण्डेले नेपालमा पहिलोपटक नेपालमा बाथ रोग पहिचानका लागि नयाँ तीन परीक्षण सुरु गरिएको जानकारी दिए । उनका अनुसार बाथरोथ पहिचानका लागि ' एचएलए-डिआरफोर', 'एचएलए-बी५१', 'एचएलए-बी२७ तीन प्रकारका परीक्षण भित्र्याएको हो । उनले उक्त विधिबाट बाथरोगको सुरुआती अवस्थामा नै रोग पत्ता लगाउन सकिने भएकाले बिरामीलाई उपचार गर्न सजिलो हुने बताए । ती परीक्षणबाट बाथ रोगको पहिचान चाँडै गरेपछि बिरामीले लामो समयसम्म औषधि सेवन गर्न नपर्ने प्रबन्ध निर्देशक पाण्डेले बताए ।

यसअघि बाथ रोग पत्ता लगाउन ती तीन प्रकारका परीक्षण गर्न विदेश नमूना विदेश पठाउनु पर्दथ्यो । 'एचएलए-डिआरफोर' अमेरिका र 'एचएलए-बी५१' तथा 'एचएलए-बी२७ को परीक्षण भारत पठाउनु पर्दथ्यो । बाथ रोग सेन्टरका बाथरोग विशेषज्ञ डा सुधिर कर्माचार्यले बाथरोग पहिचान गर्न तीन प्रकारका परीक्षण नेपालमा हुने भएपछि बिरामीको उपचारमा पनि सहज हुने बताए । अब परीक्षण नेपालमा हुने भएपछि बिरामीको परीक्षण गर्न विदेश पठाउनुपर्ने झन्झट हटेको छ । विशेषज्ञ डा कर्माचार्यका अनुसार नेपालमा कुल जनसङ्ख्याको २८ प्रतिशतलाई कुनै न कुनै बाथरोग लाग्ने गरेको छ । धेरैजसोलाई गठिया र युरिक एसिड जस्ता बाथरोग लाग्ने गरेको उनको भनाइ छ । बाथरोग लागेकामध्ये १० प्रतिशतको मात्र समयमा नै उपचार हुने गरेको छ ।

विशेषज्ञ डा कर्माचार्यले बाथरोग लाग्ने बित्तिकै थाहा पाएमा केही महिनाको औषधि सेवन गरेपछि निको हुने बताए । उनले बाथरोग फैलिँदै गयो भने बिरामीले जीवनभर औषधि खाएर बाथरोगलाई नियन्त्रण गर्नुपर्ने बताए । *रासस*

# 'डिजिटल' हिंसा रोक्न सरकार प्रतिबद्ध छः सञ्चारमन्त्री

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बदलिँदो परिवेशमा प्रविधिको विकाससँगै महिला तथा बालिकामाथि हुने 'डिजिटल' हिंसा रोक्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

'लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान' को मंगलबार शुभारम्भ गर्दै मन्त्री खरेलले महिला र बालिकाविरुद्ध हुने डिजिटल हिंसा अन्त्यका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिए । यस वर्षको यो दिवसको विश्वव्यापी नारा सान्दर्भिक रहेको भन्दै उनले डिजिटल दुनियाँ अब दैनिक जीवनभन्दा अलग नरहेको बताए ।

प्रविधिले सिकाइ र कामलाई सहज बनाए पनि धेरै महिला तथा किशोरीका लागि यो क्षेत्र अझै पनि जोखिमपूर्ण र असुरक्षित रहेको औंल्याउँदै मन्त्री खरेलले भने, 'अनलाइन उत्पीडन, साइबर स्टकिङ, अनुमति बिना तस्बिरको प्रयोग, घृणा फैलाउने अभिव्यक्ति र ट्रोलिङले त्रास र धम्की सिर्जना गर्छौं ।'

सञ्चार मन्त्रालयको लक्ष्य पूर्वाधार निर्माण र सेवा विस्तारमा मात्र सीमित नभई प्रत्येक नेपाली नागरिकका लागि सुरक्षित, समावेशी र सशक्तीकरण गर्ने 'डिजिटल इकोसिस्टम' निर्माण गरेको बताउँदैमन्त्री खरेलले भने, 'जब हाम्रो आधा जनसङ्ख्या अनलाइनमा सुरक्षित महसुस गर्दैनन्, तब हाम्रो डिजिटल प्रगतिलाई पूर्ण वा निष्पक्ष मान्न सकिँदैन ।' उनँले राष्ट्रिय साइबर सुरक्षा केन्द्रले जनचेतना अभिवृद्धिका काम गरिरहेको र हालै राष्ट्रिय एआई सेन्टरको स्थापना हुनुले डिजिटल नेपाल निर्माणप्रतिको सरकारको प्रतिबद्धता प्रतिविम्बित भएको बताए ।

डिजिटल हिंसाविरुद्धको लडाइँ सरकार एक्लैले जित्न नसक्ने भन्दै मन्त्री खरेलले कानुनी र नीतिगत ढाँचालाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले पीडितलाई न्याय दिलाउन र पीडकलाई जवाफदेही बनाउन साइबर कानुनको समीक्षा गरिने जानकारी दिए । साथै, शिक्षा क्षेत्रसँग सहकार्य गर्दै पाचयक्रममा डिजिटल साक्षरता समावेश गर्ने, निजी क्षेत्र र नवप्रवर्तनलाई सुरक्षित प्लेटफर्म विकास गर्न प्रोत्साहन गर्ने तथा तीनवटै तहका सरकार, संयुक्त राष्ट्रसङ्घ र नागरिक समाजसँग सहकार्य बढाउने योजना पनि उनले अघि सारे । *रासस*


## MAURITIUS मा रोजगार

कम्पनी : TW STORES LTD

पूर्व स्वीकृति मिति : २०८०/११/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 300449 | चलानी नं. ६०२१५५०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cabinet Makers | 30 | 0 | 16500 | ५०,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Upholsteres | 15 | 0 | 16500 | ५०,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## कुवेतमा रोजगार

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 309787 | चलानी नं.६०२२४३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 50 | 0 | 130 | ६०,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## ओमनमा रोजगार

कम्पनी : OMN INTERNATIONAL GROUP SAOC

पूर्व स्वीकृति मिति : २०८२/०८/०९ | LT. No. 334132 | चलानी नं. ६०२४७७५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS/PUBLIC BUILDING | 100 | 0 | 120 | ४४,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## कतारमा रोजगार

कम्पनी : TRUEPOINT CONTRACTING AND SERVICE

पूर्व स्वीकृति मिति : २०८२/०८/०८ | LT. No. 334164 | चलानी नं. ६०२४७७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 2 | 0 | 2500 | ९७,५०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 15 | 0 | 1100 | ४२,९०४ | | | | | | | |
| 3 | Supervisor | 1 | 1 | 3000 | १,१७,००९ | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 2500 | ९७,५०७ | | | | | | | |
| 5 | Cashier | 2 | 4 | 2500 | ९७,५०७ | | | | | | | |
| 6 | General Cleaner Worker | 0 | 2 | 1200 | ४६,८०४ | | | | | | | |
| 7 | Offices Cleaner | 8 | 1 | 1200 | ४६,८०४ | | | | | | | |
| 8 | Cleaner Male | 7 | 0 | 1200 | ४६,८०४ | | | | | | | |
| 9 | Customer Service | 3 | 0 | 1200 | ४६,८०४ | | | | | | | |
| 10 | Sales Executive | 2 | 0 | 3000 | १,१७,००९ | | | | | | | |
| 11 | Sales Supervisor | 6 | 1 | 3000 | १,१७,००९ | | | | | | | |
| 12 | General Electrician | 2 | 0 | 2500 | ९७,५०७ | | | | | | | |
| 13 | Service Agents | 2 | 0 | 3500 | १,३६,५१० | | | | | | | |
| 14 | Representative | 1 | 0 | 2500 | ९७,५०७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


## Kirtipur Municipality
## Office Of Municipal Executives

**Kirtipur, Kathmandu**
**Bagmati Province, Nepal**

## Invitation For Bids

**Date Of Publication: 2082/08/10**

Kirtipur Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT & PS) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/ 05/2082/083 | Upgrading Infrastructure at Sundarighat, Kirtipur Municipality, Ward no. – 6 | 6333783.01/- | 1,40,000/- | 3,000/- |

| Code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 801033503 Rajashwa Shirshak no. 14229 | Agricultural Development Bank, Kirtipur Branch आन्तरिक राजश्व खाता )(for bid fee) 0211100047277011 (for bid security) धरौटी खाता (GA-3)021100047277125 | Kirtipur Municipality Office at 1:00 PM, 2082/09/01 | on or before 12:00 Noon on 2082/09/13 | 2082/09/13 at 1:00 PM, at the office of Kirtipur Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Kirtipur Municipality, Kirtipur or may visit PPMO website www.bolpatra.gov.np/egp.


# प्रभाव दैनिक





### 'स्त्री' फागुन २९ गतेदेखि प्रदर्शन हुने

जीवन शाहीको लेखन तथा निर्देशनमा निर्माण भइरहेको नयाँ नेपाली चलचित्र 'स्त्री' ले आफ्नो प्रदर्शन मिति सार्वजनिक गरेको छ। निर्माण पक्षका अनुसार 'स्त्री' आगामी फागुन २९ गतेदेखि देशभरका हलमा प्रदर्शनमा आउने भएको छ। मिति घोषणा सँगै चलचित्रको शीर्षक डिजाइन पनि सार्वजनिक गरिएको छ। मेला रेकर्डिङ स्टुडियोको ब्यानरमा समीर राईको निर्माण रहेको यस चलचित्रमा निर्देशक शाहीकै कथा समावेश छ भने पटकथामा उनलाई किशन अर्यालले सहयोग गरेका छन्। रामशरण उप्रेतीको छायांकन, बाबुल गिरीको संगीत, सुबास काफ्ले प्रोजेक्ट म्यानेजर, देव महर्जन द्वन्द्व निर्देशक, चन्द्र भण्डारी प्रमुख सह-निर्देशक तथा श्याम बराल मेकअप र सुकनिता चौलागाईं ड्रेस डिजाइनमा छन्।






# 'अभिमन्यु : च्याप्टर १' को हिन्दी भर्सनको टिजर रिलिज



■ प्रभाव संवाददाता

**काठमाडौं–** मंसिर १८ गते रिलिज हुने चलचित्र 'अभिमन्यु : च्याप्टर १'को हिन्दी भर्सनको टिजर रिलिज भएको छ। निर्माणपक्षले हिन्दी भर्सन हेर्ने दर्शकलाई लक्षित गर्दै हिन्दी भर्सनको टिजर सार्वजनिक गरेको हो।

यो चलचित्र नेपाली र हिन्दी दुवै भाषामा नेपाल, भारत र विश्वव्यापी रूपमा एकसाथ प्रदर्शनमा आउँदैछ। त्यसैले भारतसहित ओभरसिज मार्केटलाई लक्षित गर्दै निर्माणपक्षले हिन्दी भर्सनको टिजर सार्वजनिक गरेको हो।

टिजरमा चलचित्रका अधिकांश मुख्य कलाकारलाई देख्न सकिन्छ। टिजरमा प्रेम, सस्पेन्स, पैसाको प्रलोभन, अपहरण, सेयर बाँडफाँट, प्रहरीको कस्टडीमा पुगेको आरोपी र उसको बयान सिनेमामा देख्न सकिन्छ।

सिनेमाको मुख्य पात्र नै कसरी अपहरणकारी बन्छ भन्ने सस्पेन्सको कथा सिनेमाले भन्ने संकेत टिजरले गरेको छ।

सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको 'अभिमन्यु : च्याप्टर १'मा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल मुख्य भूमिकामा छन्।

सुशान्त गौतमले निर्देशन गरेको 'अभिमन्यु'को क्रिएटिभ निर्देशक मदन थापा हुन्। यस चलचित्रमा मुकेश खनालको लेखन रहेको छ।

'अभिमन्यु : च्याप्टर १' का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन्। रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन्। सिनेमाको लाइन प्रोड्युसरमा जीवन शाक्य रहेको छन्।

शरद महतोको डिओपी रहेको यस चलचित्रमा मनोज श्रेष्ठको भिएफएक्स, जुनिम गहतराजको रंग संयोजन, मदन घिमिरेको सम्पादक रहेका छ।

# ४० दिनमा नै सकियो 'परालको आगो'को छायांकन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुटिङ थालेको ४० दिनमा फिल्म 'परालको आगो'को छायांकन सकिएको छ। निर्माण टिमले दसैं अघिबाट म्याग्दीको विभिन्न स्थानबाट छायांकन थालेको यो फिल्मको छायांकन मंगलबार सकाएको हो।
फिल्मको सुटिङ सकेसँगै निर्माण टिमले तीन फरक फरक लुक्सका तस्विर र रिलिज डेट समेत सार्वजनिक गरेको छ। यो फिल्म आगामी बैशाख ११ गतेबाट प्रदर्शनमा आउने निर्माता सुशील पोखरेलले बताए।

उनले भने,'मैले अरु फिल्म प्रदर्शनको समयमा नआउने निर्णय गरेको छु। अरु फिल्म पनि चल्नुपर्छ भन्ने मान्यता राख्दै साधारण डेटमा आफ्नो फिल्म रिलिज गर्ने तयारीमा छु।'

उनले साथी भाईको फिल्मलाई सम्मान गर्दै आफ्नो डेटमा अरुले फिल्म नजुधाई दिन समेत आग्रह गरे।

उनले थपे,'एकैचोटी धेरै फिल्म हलमा निर्माता तथा हल ब्यावसायी हरूको पनि धेरै नोक्सानी हुन्छ। ग्यापमा आउंदा निर्माता र हल दुबैपक्षलाई फाईदा होस भन्ने सोचले सबै मेजर डेट छोडेर बैशाख ११ गते शुक्रवारको साधारण डेटलाई डेटलक गरेको छु।'



उनले फिल्मको चार वटा गीत सहित सम्पुर्ण छायांकन पुरा भएको र रिलिज डेट समेत तोकेको बताए। उनले जेनजी आन्दोलन चलिरहेको बेलामा यो फिल्मको छायांकनमा अवरोध भएता पनि टेक्निसियन तथा निर्देशकको खटाईले काम चाँडो सकिएको बताए। उनका अनुसार यो फिल्मको छायांकन सेड्युल ३० दिनको थियो। तर फिल्मका कलाकार,टेक्निसियन लगायतको अहोरात्र खट्दा पनि जेनजी आन्दोलन,वर्षा र पहिरोको कारण सेड्युल भन्दा १० दिन ढिला छायांकन सकिएको निर्माता पोखरेलले जानकारी दिए।

'परालको आगो' हिमाली नयनाभिराम लोकेसनमा ४० दिन लगाएर नेपाली माटोको सुगन्ध आउने चलचित्रलाई ठुलो क्यानभासमा छायांकन गरेका छौं। निर्माता पोखरेलले भने,'काम पनि एकदमै उम्दा भएको छ। सौगात मल्ल,प्रकाश सपुत,सुहाना थापादेखि बाल कलाकार एन्जिला बानियाँसम्म एकदमै राम्रो काम गर्नु भएको छ।'साथै करिब ६०० जना जुनियर आर्टिष्टमा खर्च गरेर कठिन परिस्थितिमा पनि फिल्मको राम्रो लोकेसन र कथाको मर्म अनुसार नै फिल्मको काम गरेको बताए।

उनले थपे,'अहिलेको समयमा कन्टेन नै बलियो हुनुपर्छ। हाम्रो कन्टेन नै बलियो छ र धेरै राम्रो सिनेमा बनाउने कोसिस गरेका छौं। फिल्मका लागि सबै कुरामा कम्प्रमाइज गरेका छैनौं।'

गुरूप्रसाद मैनालीको चर्चित कथामा निर्माण गरिएको यो फिल्ममा सौगात मल्ल,प्रकाश सपुत, सुहाना थापा, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, कुलदीप अधिकारी, सरिता भण्डारी, रेणु न्यौपानेका साथै बालकलाकार एन्जिला बाँनिया रहेकी छन्।

यो फिल्मलाई कलाकारहरूले आफ्नो भुमिकालाई सशत्त बनाउनका लागि काठमाडौंमा वर्कसप समेत गरेको थिए। त्यसैले पनि निर्माता पोखरेल यो फिल्म राम्रो बनेकोमा ढुक्क देखिएका छन्।

सुशील देवकोटाको लेखन रहेको यो फिल्मको निर्देशन लक्ष्मण सुनारले गरेका छन्। यस फिल्ममा गीत सुरेन्द्र राना, मनबहादुर मुखिया र प्रकाश सपुतले लेखेका छन्। त्यसै गरि संगीतकारकमा शान्ति ठटाल, सत्य स्वरूप र अभिनेता प्रकाश सपुतकै रहने निर्माण पक्षले जानकारी दिएको छ।

गत भदौ २६ गतेदेखि म्याग्दीबाट छायांकन सुरु भएको यो फिल्मलाई संकल्प भुजेलले खिचेका हुन् भने फिल्मको कोरियोग्राफी रामजी लामिछानेले गरेका छन्। नगेन्द्र घिमिरेले प्रोडक्सन म्यानेजरको जिम्मा लिएको यो फिल्मको वितरण आर.आर फिल्मस र ओटीटी राईट ओएसआरले रिलिज पुर्वनै महंगो रकममा लिईसकेको छ।

गुरूप्रसाद मैनालीको ' नासो' कथा संग्रहमा समावेश कथा 'परालको आगो' बनाइएको हो भने यो नाममा ४५ वर्षअघि प्रताप सुब्बाले पनि फिल्म निर्देशन गरेका थिए। जुन फिल्म अत्याधिक सफल पनि भएको थियो।

## रंगशाला

**आईसीसी टी-२० विश्वकप**

# नेपाल इङ्ल्यान्ड र वेस्ट इन्डिजको समूहमा






■ प्रभाव संवाददाता

**काठमाडौं–** आईसीसी टी-२० विश्वकपको तालिका र समूह विभाजन सार्वजनिक गरिएको छ। सार्वजनिक तालिकाअनुसार नेपाल समूह 'सी'मा परेको छ। उक्त समूहमा यस समूहमा समान दुईपल्टको विश्वविजेता वेस्ट इन्डिज र इङ्ल्यान्डसँगै बंगलादेश र इटाली छन्। यो समूहलाई ' ग्रुप अफ डेथ' मानिएको छ।

तर, नेपाली क्रिकेटप्रेमीका लागि सुखद् कुरा भनेको नेपाल अनुभव बटुलिसकेको टोलीको समूहमा परेको छ।

नेपालले लगातार दोस्रोपल्ट तथा समग्रमा तेस्रोपल्ट विश्वकप खेल्न लागेको हो। यसअघि सन् २०१४ मा बंगलादेशमा आयोजना भएको विश्वकपमा नेपालले डेब्यु गरेको थियो। क्रिकबजको रिपोर्ट अनुसार सहभागी २० टोलीलाई चार समूहमा विभाजन गरिएको छ।

समूह 'ए'मा भारत र पाकिस्तान परेका छन्। यो समूहमा भारतको मुख्य प्रतिस्पर्धी पाकिस्तान मात्रै मानिएको छ। यो समूहमा नेदरल्यान्ड्स, नामिबिया र अमेरिकाजस्ता एसोसिएट टोली मात्रै छन्। त्यस्तै समूह बीमा अस्ट्रेलिया, श्रीलंका, जिम्बाबे, आयरल्याण्ड र ओमान परेका छन्।

नेपाल रहेको समूह 'डी'मा वेस्ट इन्डिज र इङ्ल्यान्डसहित बंगलादेश र इटाली छन्। प्रतियोगिताको ढाँचा अघिल्लो संस्करण जस्तै रहनेछ।

अन्तिम 'डी' समूहमा भने साबिक उपविजेता दक्षिण अफ्रिकासँगै न्युजिल्यान्ड, अफगानिस्तान, युएई र क्यानडा छन्। भारतको उपाधि रक्षा अभियान अमेरिकाविरुद्ध खेल्दै सुरुआत गर्नेछ। त्यसपछि नामिबिया, पाकिस्तान र नेदरल्यान्ड्ससँग खेल्नेछन्।

पाकिस्तानसँगको भिडन्त भने श्रीलंकाको राजधानी कोलम्बोम हुनेछ।
भारतमा हुने खेल मुम्बई, कोलकाता, चेन्नई, दिल्ली र अहमदावादमा राखिएको छ। श्रीलंकामा हुने खेल कोलम्बो र क्यान्डीमा हुनेछन्। अहमदावाद फाइनल खेलिने तय गरिएको छ। तर, यदि पाकिस्तान फाइनलमा पुगेको खण्डमा खेल कोलम्बोमा हुनेछ।

आगामी आईसीसी टी-२० विश्वकप २०२६ मा नेपालले समूह चरणका सबै खेल भारतको मुम्बईमा खेल्ने भएको छ। फेब्रुअरी ८ मा इंग्ल्यान्डविरुद्धको खेलसँगै नेपालको विश्वकप यात्रा सुरु हुनेछ। त्यसपछि फेब्रुअरी १२ मा इटलीसँग, फेब्रुअरी १५ मा वेस्ट इन्डिजसँग र फेब्रुअरी १७ मा बंगलादेशसँग नेपाल भिड्नेछ।

**एनपिएल २०२५**

# लुम्बिनी लायन्स काठमान्डु गोर्खाज्सँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमान्डु गोर्खाजले नेपाल प्रिमियर लिग (एनपीएल) दोस्रो संस्करणमा दोस्रो जित हात पारेको छ। मंगलबार कीर्तिपुरस्थित टीयू अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा भएको खेलमा काठमान्डुले लुम्बिनी लायन्सलाई २२ रनले पराजित गरेको हो।

चार खेल खेलिसकेको काठमान्डुले दोस्रो जितपछि ४ अंक जोडेर तेस्रो स्थानमा छ। पहिलो खेलमा जनकपुर बोल्ट्सलाई पराजित गरेपछि काठमान्डु सुदूरपश्चिम रोयल्स र विराटनगर किंग्ससँग लगातार पराजित भएको थियो।



लुम्बिनीको भने यो लगातार दोस्रो हार हो। पहिलो खेलमा चितवन राइनोजलाई हराएको लुम्बिनी दोस्रो खेलमा कर्णाली याक्ससँग पराजित भएको थियो।

काठमान्डुले दिएको १५९ रनको लक्ष्य पछ्याएको लुम्बिनीले १९.१ ओभरमा सबै विकेट गुमाएर १३५ रनमै अलआउट भयो।

लुम्बिनीका लागि शेर मल्लले सर्वाधिक २७ र दिलीप नाथले २५ रन बनाए पनि पर्याप्त भएन।

बलिङमा काठमान्डुका मिलिन्द कुमार र जेरार्ड एरासमसले दुई/दुई तथा कप्तान करण केसी, शाहब आलम, सन्तोष यादव र रासिद खानले समान विकेट लिए।

## दृष्टिविहीन महिला टी-२० विश्वकपमा उपविजेता टोलीलाई १० लाखसहित सम्मान

**काठमाडौं (प्रस)–** दृष्टिविहीन महिला टी-२० विश्वकपमा उपविजेता नेपाली क्रिकेट टोलीलाई नेपाल क्रिकेट संघ (क्यान) ले नगदसहित सम्मान गरेको छ।

त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशालामा एक कार्यक्रमका बीच क्यानले उक्त टोलीलाई रु १० लाख नगदसहित सम्मान गरेको हो। दृष्टिविहीन महिला टोलीले ऐतिहासिक उपलब्धि र नेपाली क्रिकेटको गौरव बढाएको भन्दै क्यानले सम्मान गरेको जनाएको छ।

सम्मान कार्यक्रममा क्यानका सचिव पारस खड्कालगायतको उपस्थिति रहेको थियो। श्रीलङ्कामा हालै सम्पन्न दृष्टिविहीन महिला टी-२० विश्वकपको फाइनलमा नेपाल भारतसँग पराजित भएको थियो।

## नेपालको जितमा नीरजको शतक

**काठमाडौं (प्रस)–** ओपनर नीरजकुमार यादवको शतकसँगै नेपालले एसीसी यु-१९ प्रिमियर कपमा सानदार सुरुआत गरेको छ। मंगलबार सम्पन्न खेलमा नेपालले साउदी अरबलाई ८ विकेटले पराजित गरेको हो। साउदीले दिएको २१९ रनको लक्ष्य नेपालले ३०.४ ओभरमा २ विकेट गुमाउँदै पूरा गरेको हो। जितसँगै समूह 'ए' मा रहेको नेपाल २ अंकसहित शीर्ष स्थानमा उक्लिएको छ।

समान अंक ने रहे पनि हङकङ दोसरो स्थानमा छ। दुवै खेल खेलेको साउदी प्रतियोगिताबाट बाहिरिएको छ।

नेपालका नीरलेले सर्वाधिक ११४ रन बनाए। ९० बल



खेलेका उनले १३ चौका र १ छक्का प्रहार गरे। निश्चल क्षेत्रीले अविजित ६६ र वंश क्षेत्रीले ३० रन बनाए। साउदीका मोहम्मद जुबेरले १ विकेट लिए।

त्यसअघि युएईको अजानमा पहिला ब्याटिङ थालेको साउदीले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २१८ रन बनाएको थियो। साउदीका जुवेरले सर्वाधिक ४८ रन बनाए। ७६ बल खेलेका उनले ३ चौक र १ छक्का प्रहार गरे। मोहम्मद रेहान ४१ र अमिर अहमद ३९ र रनमा आउट भए। नेपालका अशोक धामीले सर्वाधिक २ विकेट लिए।



**सेन्जोको उडान** | चीनले मंगलबार स्पेसमा पठाएको सेन्जो–२२ अन्तरिक्ष यानले उडान भर्दै । चिनियाँ समयअनुसार दिउँसो १२:११ मिनेटमा उक्त रकेट जिक्वान स्याटलाइट लन्स सेन्टरबाट उडान भरेको हो । *तस्विर : सिन्ह्वा*

# चीनले भारत नजिकै सैन्य पूर्वाधार विस्तार गर्दै

**नयाँदिल्ली–** भारत-चीन सीमा सन् २०१७ को डोकलाम गतिरोध र सन् २०२० को गलवान उपत्यकाका घटनापछि तुलनात्मक रूपमा शान्त देखिए पनि चीनले तिब्बत क्षेत्रमा भारतीय सीमा नजिक सैन्य पूर्वाधार विस्तारलाई निरन्तर अघि बढाइरहेको छ ।

पिपुल्स लिबरेसन आर्मी (पिएलए) ले वास्तविक नियन्त्रण रेखा (एलएसी) वरिपरि आफ्ना सुविधा, रसद केन्द्र र कनेक्टिभिटी संरचना क्रमशः विस्तार गर्दै आफूलाई थप बलियो बनाइरहेको छ ।

हालै चीनले तिब्बतमा करिब चार हजार ३०० मिटर उचाइमा नयाँ मानव रहित हवाई वाहन (युएभी) परीक्षण केन्द्र निर्माण गरेको छ । यसले पिएलएलाई उच्च-उचाइ र कठोर मौसममा ड्रोन परीक्षण गर्न सहज बनाउने अपेक्षा छ । सात सय २० मिटर लम्बाइको धावन मार्ग, ह्याङ्गरहरू तथा प्रशासनिक भवनहरू रहेको यो पूर्वाधार न्गारीस्थित पिएलए रसद केन्द्रको दक्षिणपूर्वमा अवस्थित छ ।

तिब्बती पठारको कठोर भूभाग, चिसो मौसम, उचाइ रोगको जोखिम र सीमित स्थानीय आपूर्तिका कारण सैन्य गतिविधि कठिन मानिन्छ । सैनिकहरूलाई पूरक अक्सिजन, जमेको पानी पगालेर प्रयोग गर्ने आवश्यकता तथा सवारी साधनका लागि इन्सुलेटेड ग्यारेज अनिवार्य हुन्छ । हेलिकप्टरहरूको पेलोड क्षमता पनि उल्लेख्य रूपमा घट्छ । यिनै चुनौतीबीच चीनले व्यापक सडक, हवाई तथा रेल पूर्वाधार विकासलाई प्राथमिकता दिइरहेको छ ।

अमेरिकी वायु सेनाको 'चाइना एरोस्पेस स्टडिज इन्स्टिच्युट' (सिएएसआई) ले सन् २०२५ मा प्रकाशित प्रतिवेदनमा तिब्बतमा कमजोर यातायात पूर्वाधार पिएलएको सीमितता भए पनि पछिल्ला वर्षमा तीव्र गतिमा विस्तार हुँदै प्रभावकारी रसद संयन्त्र सक्षम बनाइएको उल्लेख गरेको छ । चीनले आफ्नो १४औँ पञ्चवर्षीय योजनाअन्तर्गत तिब्बतमा सम्बन्धित पूर्वाधारका लागि ३० अर्ब अमेरिकी डलर विनियोजन गरेको छ ।

दोकलामपछि भारतसँगको सीमा नजिक चीनले राजमार्ग, सहायक सडक तथा पुलहरू तीव्र गतिमा विस्तार गरिरहेको भारतीय थिङ्क-ट्याङ्क ओआरएफले पनि जनाएको छ । विशेषगरी जी-३१४, जी-६८४, जी-६९५ र जी-२१६ जस्ता मार्गहरूले सैन्य परिचालन क्षमतालाई उल्लेखनीय रूपमा सहज बनाएको बताइन्छ । पाङ्गोङ त्सो क्षेत्रमा सन् २०२१ र सन् २०२४ मा बनेका दुई पुलले सैनिक आवत-जावतलाई झनै छोट्याइदिएको छ ।

यस्तै, सन् २०१७ देखि सन् २०२३ बीच तिब्बत र सिन्जियाङमा कम्तीमा ३७ सैन्य वा दोहोरो प्रयोगका विमानस्थल र हेलिपोर्ट निर्माण गरिएका छन् । सीमापट्टि करिब ६०० भन्दा बढी 'सीमावर्ती गाउँ' निर्माण गरी प्रशासनिक र रसद उपस्थिति विस्तार गरिएको सिएएसआईकै अध्ययनले जनाएको छ ।

तिब्बत सैन्य जिल्लामा तीन संयुक्त-हतियार ब्रिगेड, आठ सीमा रक्षा रेजिमेन्ट तथा विस्तारित रसद संरचनाले पिएलएको परिचालन क्षमता थप सुदृढ बनेको छ । कठिन भूभागमा पनि ड्रोनमार्फत आपूर्ति पुर्‍याउने, आवश्यकताअनुसार प्याक जनावर प्रयोग गर्ने जस्ता उपायहरू चीनले अवलम्बन गरेको छ ।

विश्लेषकहरूका अनुसार चीनले तिब्बत र सिन्जियाङमा दोहोरो प्रयोग हुने पूर्वाधार निर्माणलाई रणनीतिक रूपमा उपयोग गर्दै भारतसँगको भविष्य सम्भावित द्वन्द्वका लागि आफूलाई योजनाबद्ध रूपमा तयार पारेको सङ्केत गर्छ । विशेषज्ञहरूका अनुसार तीव्र गतिमा बढिरहेको चिनियाँ पूर्वाधार क्षमताले भारतलाई आफ्नो सीमा क्षेत्रमा विकासको गति अझ बढाउन बाध्य बनाउने देखिन्छ । *रासस/एएनआई*

# मलेसियामा बाढीको कारण १८ हजार भन्दा बढी विस्थापित

**कोलालम्पुर–** मलेसियामा उत्तर पूर्वी मनसुनको कारण हालै आएको बाढीले १८ हजार भन्दा बढी मानिसहरूलाई विस्थापीत गरेको अधिकारीहरूले बताएका छन् । बाढीका कारण देशभरि १० वटा राज्यहरू प्रभावित भएको उनीहरूले जनाएका छन् ।

केलान्टन, प्रान्तमा धेरै दिन देखि लगातार भारी वर्षा भएकाले नौ हजार ७०० भन्दा बढी मानिसहरूलाई स्थानानान्त्रण गरी राहत केन्द्रहरूमा राखिएको जनाइएको छ । अन्य विस्थापितहरू मध्ये दुई हजार ७१८सेलान्गोर प्रान्तका र दुइ हजार ८८१ पेराक प्रान्तका रहेको र अन्य बाँकी देशका विभिन्ने क्षेत्रका रहेको जनाइएको छ ।

यसैबीच, सरकारका मुख्य सचिव समसुल अजरी अबु बकरले बाढीबाट प्रभावित राज्यहरूमा सरकारले विभिन्न एजेन्सीसँगको समन्वयमा एक लाख भन्दा बढी कर्मचारी तथा आवाश्यक सामाग्री तैनाथ गरेको बताइएको छ । उप शिक्षा मन्त्री वोङ काह वोहले राष्ट्रिय स्तरका परीक्षाहरू अगाडि बढ्ने बताउदै असहज परिस्थितिलाई सामना गर्ने आकस्मिक उपायहरू भएकाले उम्मेदवारहरू सुरक्षित रूपमा परीक्षा दिन सक्ने बताए ।

यसैवीच प्रधानमन्त्री अनवर इब्राहिमले बाढी प्रभावितहरूको उद्धार गर्न तथा राहत वितरण गर्न राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सी प्रति सन्तुष्टि प्रधान गर्दै सबै एजेन्सीहरूलाई प्रभावित समुदायहरूलाई सहयोग गर्न अधिकतम प्रयास गर्न निर्देशन दिएका छन् । मौसम विभागले भने निरन्तर भारी वर्षा र तीव्र हावाहुरीको चेतावनी जारी गरेको छ । *रासस/सिन्ह्वा*

# बुर्का लगाएर विरोधमा उत्रेकी सिनेटर निलम्बित

**मेलबर्न–** राष्ट्रिय स्तरमा बुर्का प्रतिबन्धका पक्षमा सक्रिय रूपमा अभियान चलाउँदै आएकी अस्ट्रेलियाली सिनेटर पाउलिन ह्यान्सनलाई मुस्लिम पहिरन–बुर्का–लगाएर संसद्को च्याम्बरमा प्रवेश गरेपछि यस वर्षभरका लागि संसद्बाट निलम्बन गरिएको छ ।

मुस्लिम र आप्रवासनविरोधी विचारका लागि चर्चित वन नेसन पार्टीकी ७१ वर्षीया नेत्री ह्यान्सनले सोमबार आफ्नो 'सार्वजनिक स्थानमा अनुहार ढाक्ने पहिरन प्रतिबन्ध' सम्बन्धी प्रस्तावित विधेयकलाई सहकर्मीहरूले अस्वीकार गरेको विरोधस्वरूप टाउकादेखि खुट्टासम्म ढाकिने बुर्का लगाएर सिनेटमा प्रवेश गरेकी थिइन् । उक्त शैलीलाई सांसदहरूले अपमानजनक स्टन्टको रूपमा व्याख्या गर्दै उनलाई सोही दिनका लागि निलम्बन गरेको थियो ।

उनको माफी नआएपछि मंगलबार सिनेटले कडा निन्दा प्रस्ताव पारित गर्दै सात बैठकका लागि लगातार संसद् प्रवेशमा प्रतिबन्ध लगाएको छ । यसलाई पछिल्ला दशकहरूमा सिनेटरप्रति लागू गरिएको कडा कारबाहीमध्ये एक मानिएको छ । सिनेट बिहीबारबाट वर्षभरका लागि स्थगित हुने भएकाले यो निलम्बन आगामी फेब्रुअरीमा संसद् पुनः सुरु नहुँदासम्म जारी रहनेछ ।

सिनेटबाट बाहिरिसकेपछि ह्यान्सनले पत्रकारहरूसँग कुरा गर्दै आफूलाई न्याय कसैले होइन सन् २०२८ को आम निर्वाचनमा मतदाताले दिने बताउँदै सिनेटका सहकर्मीहरूले गरेको कारबाहीलाई पाखण्डपूर्ण भएको टिप्पणी गरिन् । उनले संसद्मा कुनै औपचारिक ड्रेस कोड नभएको तर्क गर्दै 'उहाँहरू बुर्कामा प्रतिबन्ध लगाउन चाहनुहुन्नथ्यो तर मलाई भने लगाउन नै दिइएन' भनी प्रतिकिया दिएकी थिइन् ।

ह्यान्सनले यसअघि सन् २०१७ मा पनि यस्तै शैलीमा बुर्का लगाएर संसद्मा प्रवेश गर्दा ठूलो विवाद भएको थियो, तर त्यतिबेला उनलाई सजाय दिइएको थिएन । हालै फ्लोरिडामा आयोजित कन्जर्भेटिभ पोलिटिकल एक्सन कन्फरेन्समा सम्बोधन गरेर आउनुभएकी उनीमाथि यसपटक भने सिनेटले कडा र स्पष्ट कदम चाल्यो ।

सिनेटमा सरकारी नेत्री, मलेसियामा जन्मनुभएकी तर गैरमुस्लिम पेनी वोङले निन्दा प्रस्ताव पेस गर्दै बुर्का लगाएर प्रस्तुत भएको ह्यान्सनको शैलीले 'सिङ्गो धर्मलाई उपहास र बदनाम गरेको' बताइन् । उनका अनुसार अस्ट्रेलियाको झण्डै दुई करोड ८० लाख जनसङ्ख्यामध्ये करिब १० लाख मानिस इस्लामी आस्थाको पालनामा छन्, जसको सम्मानमाथि प्रहार हुने व्यवहारले सामाजिक सद्भाव कमजोर पार्ने जोखिम राख्छ ।

सिनेटकी सदस्य तथा पाकिस्तानमा जन्मनुभएकी मेहरीन फारुकीले आफू र अफगानिस्तानमा जन्मनुभएकी फातिमा पेमन मात्रै सिनेटमा मुस्लिम प्रतिनिधि रहेको बताउँदै ह्यान्सनको यस्तो शैलीले अस्ट्रेलियामा विद्यमान संरचनात्मक तथा प्रणालीगत जातीय विभेदलाई उजागर गरेको टिप्पणी गरिन् । हिजाब लगाउने पेमनले मंगलबार धारणा नराखेपनि सोमबार ह्यान्सनको बुर्का प्रयोगलाई 'अपमानजनक' र 'लाजमर्दो' भन्दै कडा प्रतिक्रिया दिएकी थिइन् ।

गत वर्ष एक न्यायाधीशले सामाजिक सञ्जालमा फारुकीलाई 'आफ्नो देश फर्क' भन्ने शैलीमा गरेको टिप्पणी जातीय भेदभावविरोधी कानूनको उल्लङ्घन भएको ठहर गर्दै ह्यान्सनविरुद्ध फैसला सुनाएकी थिइन् । ह्यान्सनले हाल सो फैसलाविरुद्ध अपिल गरेकी थिइन् ।

अस्ट्रेलियन फेडेरेसन अफ इस्लामिक काउन्सिलका अध्यक्ष रतेब जिनेदले एक विज्ञप्ति जारी गर्दै ह्यान्सनको कार्यलाई 'मुस्लिम, आप्रवासी तथा अन्य अल्पसङ्ख्यक समुदायलाई निरन्तर बदनाम गर्ने प्रवृत्तिको हिस्सा' भएको बताए । सन् १९९६ मा आफ्नो पहिलो संसदीय भाषणमै अस्ट्रेलिया 'गैर-भेदभावपूर्ण आप्रवासन नीतिका कारण एसियालीहरूले भरिने जोखिममा छ' भन्ने विवादास्पद अभिव्यक्तिका कारण आलोचित भएकी ह्यान्सनले यसपटकको कदमले पुनः जातीय र धार्मिक संवेदनशीलताका विषयमा राष्ट्रिय बहस चर्काएको छ । *रासस/एपी*

# अफगानिस्तानमा पाकिस्तानको बमबारी

**काबुल–** अफगानिस्तानका पूर्वी क्षेत्रहरूलाई लक्षित गरी पाकिस्तानले गरेको हवाई आक्रमणमा कम्तीमा १० सर्वसाधारणको मृत्यु भएको तालिबान सरकारले जनाएको छ । यो घटना पाकिस्तानको पेशावरस्थित सुरक्षा परिसरमा भएको सोमबारको आत्मघाती आक्रमणको भोलिपल्ट भएको हो ।



तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जाल एक्समार्फत भने, 'पाकिस्तानी आक्रमणकारी सेनाले एक स्थानीय नागरिकको घरमा बम प्रहार गर्दा खोस्त प्रान्तमा पाँच बालक, चार बालिका र एक महिलासहित १० जनाको मृत्यु भएको छ ।' उनका अनुसार कुनार तथा पक्तिका सीमावर्ती क्षेत्रमा गरिएका थप आक्रमणमा चार सर्वसाधारण घाइते भएका छन् ।

पाकिस्तानी सेनाले यस विषयमा कुनै आधिकारिक टिप्पणी गरेको छैन ।

यसअघि पेशावरस्थित पाकिस्तानको अर्धसैनिक संघीय कन्स्टेबुलरी बलको मुख्यालयमा लक्षित आत्मघाती आक्रमणमा तीन जना अधिकारीको मृत्यु र ११ जना घाइते भएका थिए । कुन समूह जिम्मेवार रहेको भन्ने पुष्टि नभए पनि राज्य प्रसारक पिटिभीले आक्रमणकारीहरू अफगान नागरिक भएको रिपोर्ट गरेको छ र राष्ट्रपति आसिफ जरदारीले 'विदेशी-समर्थित फितना अल-खवारीज' लाई दोष लगाएका हुन् । इस्लामाबादको शब्द फिता अल–खवारिज अर्थात तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) आतङ्ककारीहरूलाई अफगान भूमिबाट सञ्चालन गरेको आरोप लगाइएको छ ।

यसै महिनाको सुरुआतमा पाकिस्तानको राजधानी इस्लामाबादमा भएको अर्को आत्मघाती विस्फोटमा १२ जनाको ज्यान गएको थियो । उक्त विस्फोटको जिम्मा अफगान तालिबानसँग विचारधारा मिल्ने पाकिस्तान तालिबान (टिटिपी) नजिकको एक समूहले लिएको थियो । पाकिस्तानले उक्त आक्रमण 'अफगानिस्तानमा आधारित हाइकमान्डद्वारा निर्देशन गरिएको' भएको आरोप लगाएको थियो ।

## तनावग्रस्त द्विपक्षीय सम्बन्ध

सन् २०२१ मा तालिबान पुनः सत्तामा आएपछि पाकिस्तान-अफगानिस्तान सम्बन्ध लगातार तनावग्रस्त बनेको छ । गत अक्टोबरमा सीमा क्षेत्रमा भएको भिडन्तमा दुवै पक्षतर्फ करिब ७० जनाको मृत्यु भएपछि कतार र टर्कीको मध्यस्थतामा अस्थायी युद्धविराम भए पनि इस्तानबुलमा भएको वार्ताले स्थायी सुरक्षा समझदारी कायम गर्न सकेन ।

पाकिस्तानले अफगान भूमिमा टिटिपीलाई सुरक्षित आश्रय दिइएको आरोप लगाइरहेको छ, तर काबुलले उक्त आरोप कडा रूपमा अस्वीकार गर्दै उल्टै पाकिस्तानले अफगानिस्तानविरुद्ध शत्रुतापूर्ण समूहहरूलाई सहयोग गर्ने गरेको प्रतिवाद गर्दछ ।

यस्तै पाकिस्तान-अफगानिस्तान संयुक्त उद्योग वाणिज्य चेम्बरले यस हप्ता हजारौँ मालबाहक कन्टेनरहरू सीमा नाकामा रोकिँदा प्रत्येकले दैनिक १५०-२०० डलरसम्म अतिरिक्त खर्च खेप्नुपर्ने स्थिति अनुपयुक्त र 'असहनीय' भएको चेतावनी दिएका छन् ।

सम्पूर्ण घटनाक्रमले दुवै मुलुकबीचको सम्बन्ध फेरि गम्भीर तनावतर्फ फर्किएको सङ्केत गर्दछ । *रासस/एएफपी*

# दाहसंस्कारका लागि ल्याएकी महिला कफनभित्र चल्न थालेपछि...

**बैंकक–** दाहसंस्कारका लागि ल्याइएकी एक थाई महिला अचानक कफनभित्र चहलपहल गर्न थालेपछि मन्दिरका कर्मचारीहरू अचम्मित तथा स्तब्ध बन्नु परेको छ ।

बैंकक बाहिरी क्षेत्र पर्ने नोन्थाबुरी प्रान्तस्थित बौद्ध मन्दिर 'वाट रात प्राखोङ थाम' ले आफ्नो फेसबुक पेजमार्फत सार्वजनिक गरेको भिडियोमा सेतो कफनभित्र पिकअप ट्रकको पछाडि सुतिरहेकी एक महिलाले बिस्तारै हात र टाउको हल्लाउन थालेको देखिन्छ, जसले मन्दिरका कर्मचारीहरूलाई एकैछिनमा विश्वास गर्न नसक्ने अवस्थासम्म पुर्‍याएको थियो । मस्जिदका महाप्रबन्धक तथा वित्तीय मामिला प्रमुख पैराट सुदथुपले सोमबार एपीसँग कुरा गर्दै ६५ वर्षीया उक्त महिलालाई उनका भाइले फित्सानुलोक प्रान्तबाट दाहसंस्कारका लागि ल्याएको जानकारी दिए । उनका अनुसार कफनभित्रबाट हल्का ढकढक्याएको आवाज आएको सुनेपछि घटनाले अनपेक्षित रूप लिएको थियो ।

'म केही क्षणका लागि अचम्म परेँ र कफन खोल्न भन्नुपर्‍यो । खोल्नेबित्तिकै सबैजना स्तब्ध भयौँ', उनले भने, 'उनी अलिक आँखा थोरै खोलेर कफनको ढकढक्याउँदै थिइन् । उनले केही समयदेखि सहयोग माग्दै ढकढक्याइरहेको हुनुपर्छ ।'

पैराटका अनुसार ती महिला करिब दुई वर्षदेखि ओछ्यानमै परिरहेकी थिइन् । स्वास्थ्य अवस्था झन् बिग्रँदै गएपछि दुई दिनअघि उनले सास फेर्न छाडेकीजस्तो देखिएकाले भाइले मृत भनी कफनमा राखेर बैङ्ककस्थित अस्पतालसम्म करिब ५०० किलोमिटर (३०० माइल) यात्रा गरेका रहेछन् । ती महिलाले पहिल्यै आफ्नो अंग दान गर्ने इच्छा व्यक्त गरेकी थिइन् ।

अस्पतालले आधिकारिक मृत्यु प्रमाणपत्र नहुँदा उक्त प्रस्ताव अस्वीकार गरिदिएको पैराटले बताउनुभयो । मन्दिरले निःशुल्क दाहसंस्कार सेवा उपलब्ध गराउने भएकाले भाइले आइतबार मात्रै मन्दिरसँग सम्पर्क गरेका थिए । तर आवश्यक कागजात नहुँदा मन्दिरले पनि सेवा उपलब्ध गराउन नसकेको उनको भनाइ छ ।

यही कुरा-मृत्यु प्रमाणपत्र कसरी प्राप्त गर्ने भन्ने बारे मन्दिरका अधिकारीहरूले बुझाइरहँदा-कफनभित्रबाट ढकढक्याएको आवाज आएको थियो । त्यसपछि तुरुन्तै महिलाको स्वास्थ्य अवस्था मूल्याङ्कन गरी नजिकैको अस्पतालमा उपचारका लागि पठाइएको मन्दिरले जनाएको छ । पैराटका अनुसार मन्दिरका मठाधीशले ती महिलाको उपचार खर्चसमेत बेहोर्ने प्रतिबद्धता जनाए । *रासस/एपी*


Bagmati Province Government

**Ministry Of Social Development**

**Social Development Office, Gajuri, Dhading**

**Invitation for Sealed Quotations**

**First Date of publication: 2082/08/10 (26/11/2025)**

Social Development Office, Gajuri, Dhading invites only electronic sealed quotations from Nepalese eligible bidders for the following works under sealed quotation procedure as mentioned in the table below.

| S.N. | Contract ID | Name of Project | Estimated Amount (Without VAT & PS) (NRS.) | Bid Security Amount (NRS.) | Cost of Bid document (NRS.) |
|---|---|---|---|---|---|
| 1. | SDOGAJURI/WORKS/SQ/01/082-083 | Unfinished Building Construction Works at Pashupati Shiksha Mandir, Benight Rorang-03, Dhading | 11,89,462.19 | 35000 | 1000 |

Last Date of Bid Submission: 12:00 noon on 2082/08/25 (11/12/2025)

Date of Bid Opening: 14:00 hrs on 2082/08/25 (11/12/2025) at Social Development Office, Gajuri, Dhading.

All other information and bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

Office Chief

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २४७९०० | प्रति तोला – ० | प्रति तोला – ३२०० |



**पहेंलपुर धानखेती** | सिरहाको बरियारपट्टी गाउँपालिका–१ नर्गीस्थित हुलाकी सडकबाट देखिएको पहेँलपुर धानखेत। यतिबेला सिरहाका किसानहरू धान भित्र्याउने तयारीमा छन्। *तस्बिरः सुदिप राउत/रासस*

# ‘लगानी प्रवर्द्धन गर्न खुलाइएका निकाय निष्प्रभावकारी’

■ प्रभाव संवाददाता

**काठमाडौं–** लगानी प्रवर्द्धन गर्न बनाइएका कतिपय निकायहरू प्रभावकारी नभएको भन्दै निजी क्षेत्रका अगुवाहरूले त्यसको रिफर्म गर्न जरुरी रहेको बताएका छन्। उनीहरूका अनुसार त्यस्ता निकायहरू रिजल्ट दिन भन्दा पनि कर्मचारी व्यवस्थापन गर्ने थलो मात्रै बनेको भन्दै असन्तुष्टि व्यक्त गरे।

मंगलबार उद्योग दिवसका अवसरमा आयोजित कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले लगानी प्रवर्द्धन गर्नका लागि खुलाइएका निकायहरूले रिजल्ट दिन नसकेको बताए। उनले जसकारण स्वदेशी, विदेशी लगानीकर्ता निरुत्साहित भएको बताउँदै त्यस्ता निकायहरूबाट प्रभावकारी रूपमा काम हुन जरुरी रहेको बताए।

अध्यक्ष ढकालले भने, ‘नेपाल सरकारबाट लगानी प्रवर्द्धन गर्ने भनेर तयार गरिएका कतिपय निकायहरू केबल रोजगारी पाउने र विदेश घुम्ने हिसाबका भए। त्यस्ता निकायहरू वास्तवमै लगानी प्रवर्द्धन गर्ने हिसाबले एउटा रिजल्ट दिनुपर्ने हो, त्यो हुन सकेको छैन। त्यसले गर्दा स्वदेशी, विदेशी लगानीकर्ताको मनोबल खस्किएको छ। मेरो आग्रह छ, उद्योग मन्त्रालय र उद्योग विभागलाई रिफर्म गरौं। हरेक निकायहरू बनाउने र रोजगारी गर्ने वातावरण नबनाऔं। जहाँ लगानीकर्तालाई प्रोत्साहन गर्नुपर्ने हो त्यो गरौं। भरसर लगानीकर्ता र निजी क्षेत्रको मनोबल गिराउने काम नगरौं। यो चिजमा करेक्सन हुनुपर्छ।’

अध्यक्ष ढकालका अनुसार जिडिपिमा ठुलो योगदान गरिरहेको निजी क्षेत्र आर्थिक गतिविधि चलायमान गराउने इन्जिन पनि हो। ढकालले बैंकमा लगानीयोग्य रकम भएपनि पुँजी नजुटाएका कारण कतिपय आयोजना, उद्योगहरू सञ्चालनमा ल्याउन नसकिएको बताए।

सरकारी निकायहरू उद्देश्यअनुसार



काम नगरिदिँदा समेत त्यो खालको समस्या आएको उनले बताए। कानुनहरूको समयमै कार्यान्वयन गरेर मुलुकमा लगानीको वातावरण तयार गर्नुपर्नेमा उनले जोड दिए। उनकाअनुसार परम्परागत कानुनका कारण लगानीमा बाधा रहेको भए त्यस्ता कानुन सुधार्न सरकारले तत्काल पहल गर्नुपर्छ। जेनजी आन्दोलनका नाममा भएको घुसपैठकर्ताहरूलाई सरकारले कारबाहीको दायरामा ल्याउन जरुरी रहेको उनको भनाइ छ।

कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले नेपालजस्तै अर्थतन्त्र भएका छिमेकी मुलुकहरू उद्योगको प्रवर्द्धन गर्दै औद्योगीकरणमा केन्द्रित भएपनि तर नेपालमा उद्योगहरूको योगदान जीडीपीमा घट्दै गएकोप्रति चिन्ता व्यक्त गरे।

उनकाअनुसार यसको प्रमुख कारण नीतिहरू हुन्। उद्योग व्यवसाय प्रवर्द्धन गर्नुपर्नेमा नीतिहरू आयात प्रोत्साहन गर्ने खालको रहेको पाण्डेले बताए।

अध्यक्ष पाण्डेले भने, ‘उद्योग व्यवसाय गर्न सहजता प्रदान गर्नुपर्नेमा हाम्रा नीतिहरू आयात प्रोत्साहन गर्ने खालका हुँदा हामी परनिर्भर हुँदै गएका छौं। हामीले हरेक वर्ष उद्योग दिवस मनाइरहँदा के कारणले उद्योगहरूको योगदान घट्दै गएको छ भन्नेमा गम्भीर भएर समीक्षा गर्नुपर्छ। उद्योगहरूको विकास, प्रवर्द्धनका सन्दर्भमा हाम्रा नीति के हो ? कसरी औद्योगिक विकास गर्छौं ? कस्ता उद्योगलाई हामीले प्राथमिकतामा राख्नुपर्छ ? के आधारमा प्राथमिकीकरण गर्ने स्पष्ट हुन आवश्यक छ।’

पाण्डेले औद्योगिक करण बिना उत्पादन वृद्धिदेखि आयात प्रतिस्थापन गर्न सम्भव नरहेको जिकिर गरे। तुलनात्मक रूपमा बढी लाभ भएका क्षेत्रहरूको पहिचान गरी निजी क्षेत्रको विकासका लागि त्यस्ता वस्तुहरूको प्रवर्द्धन गर्नुपर्छ। नेपाल चेम्बर अफ कर्मसका अध्यक्ष कमलेश अग्रवालले २०६२/६३ मा जिडिपीमा उत्पादनमूलक क्षेत्रको योगदान १२/१३ प्रतिशत रहेकोमा आज उत्पादनमूलुक क्षेत्रको योगदान ५ प्रतिशतको हाराहारीमा आउनु सुखद् नभएको बताए।

उनकाअनुसार सरकारले लिएका नीतिहरू उद्योगमैत्री नभएको पछिल्ला वर्षहरूले प्रस्ट देखाएको छ। अग्रवालकाअनुसार आयातमुखी अर्थतन्त्र अंगालेर सजिलै राजश्व उठाउने ध्यानमा सरकार लागेको छ। जसले गर्दा उद्योग विस्तारमा सरकारले समेत ध्यान दिन नचाहेको तथ्यले देखाउँछ।

अध्यक्ष अग्रवालले भने,‘२०६२/६३ मा जिडिपीमा उत्पादनमूलक क्षेत्रको योगदान १२/१३ प्रतिशत रहेको थियो। उत्पादनमूलुक क्षेत्रको योगदान ५ प्रतिशतको हाराहारीमा पुगेको छ। यसको मतलब सरकारले लिएका नीतिहरू २०६२/६३ पछि २० वर्षको दौरानमा उद्योगमैत्री भएनन् भन्ने तथ्यांकले देखाएनन्। सरकारलाई पनि आयातमुखी अर्थतन्त्र अंगालेर सहजै राजश्व उठ्न थाल्यो। जसले गर्दा उद्योग विस्तारमा सरकारले समेत ध्यान दिन चाहेन।’

अध्यक्ष उद्योगहरूको प्रवर्द्धन नहुनुको कारण प्रतिस्पर्धी क्षमताको कमी समेत रहेको बताए। उनकाअनुसार उत्पादन मूल्य महँगो छ। यसलाई घटाउन सरकारले उद्योगलाई अनुदान दिएर हुन्छ की त्यसमा सोच्न जरुरी रहेको उनले बताए।

# पोखरामा राष्ट्रिय औद्योगिक व्यापार मेला मंसिर १७ देखि

■ प्रभाव संवाददाता

**गण्डकी–** पोखरा उद्योग वाणिज्य संघको आयोजनामा यही मङ्सिर १७ देखि २१ गतेसम्म ३४औँ राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३औँ क्यान इन्फोटेक सञ्चालन हुने भएको छ।

‘लगानीको सम्वर्द्धन : उद्योग-व्यवसायको प्रवर्द्धन’ भन्ने आदर्श नारासहित आयोजना गरिएको उक्त मेला पोखराको नयाँ बजारस्थित प्रदर्शनी केन्द्रमा सञ्चालन हुनेछ। सघद्वारा मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष गोकर्ण कार्कीले गण्डकी प्रदेशमा व्यावासयिक सम्भावनाको खोजी तथा उद्यमशीलता प्रवर्द्धनको उद्देश्यले मेला आयोजना गरिएको बताए।

‘पोखरालगायत गण्डकी प्रदेशकै औद्योगिक, कृषिजन्य, हस्तकला, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत क्षेत्रका उत्पादनको प्रवर्द्धन तथा बजारीकरणमा सघाउ पुऱ्याउने उद्देश्यले मेला आयोजना गरिएको हो’, उनले भने। मेलामा एक सय २० व्यावसायिक ‘स्टल’ रहने अध्यक्ष कार्कीले जानकारी दिए।

‘जेनजी’ प्रदर्शनपछि गिरेको निजी क्षेत्रको मनोबल उकास्न यस्ता मेला-महोत्सवले मद्दत पुग्ने र आर्थिक गतिविधि पनि बढ्ने उनको भनाइ छ। मेलामा औद्योगिक उत्पादन, सूचना-प्रविधिका सामान, हस्तकला, कृषिजन्य उत्पादनलगायतको प्रदर्शनी तथा बिक्री कक्ष रहने जनाइएको छ।

मेलामा उद्यमशीलता प्रवर्द्धन, लगानीमैत्री नीति, नवप्रर्वतन, सूचना-प्रविधि र कृषिसँग सम्बन्धित विषयमा परिसंवाद कार्यक्रम पनि सञ्चालन गरिने भएको छ। मेलामा दर्शकको आकर्षण बढाउन परम्परागत एवं मौलिक सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिने अध्यक्ष कार्कीले बताए। कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान), कास्की शाखाका अध्यक्ष पुरुषोत्तम कुँवरले मेलामा सूचना-प्रविधिसँग सम्बन्धित हार्डवेयर र सफ्टवेयर उत्पादनको प्रदर्शनी तथा बिक्री कक्ष रहने जानकारी दिए। ‘केही नयाँ प्रडक्ट लन्चसमेत गर्ने तयारीमा छौं, आइसिटीसम्बन्धी अन्तरक्रिया, करिअर काउन्सिलिङलगायतका कार्यक्रम मेलामा हुनेछन्’, उनले भने।

मेलाबाट रु ५० लाख आम्दानी हुने र ४५ लाख खर्च हुने आयोजकको अनुमान छ। मेलाबाट बचत भएको रकम उद्यमशीलता प्रवर्द्धन तथा व्यवसायीको क्षमता अभिवृद्धिमा खर्च हुने जनाएको छ। मेलामा प्रवेश निःशुल्क गरिएको छ। मेला सफल पार्न मणिपाल अस्पतालसँग सहकार्य गरिएको संघले जनाएको छ।

# पर्यटकको पर्खाइमा धुर्कोटको विचित्र गुफा

**गुल्मी–** गुल्मीको पर्यटकीय क्षेत्रका रूपमा चिनिने विचित्र गुफा यतिबेला पर्यटकको पर्खाइमा छ। सुन्दर आकर्षक र कलात्मक देखिने उक्त गुफा आन्तरिक एवं बाह्य पर्यटकका लागि मुख्य आकर्षक गन्तव्यस्थल मानिन्छ। धार्मिक एवं पर्यटककीय महत्व बोकेको उक्त गुफा यतिबेला थप आन्तरिक एवं बाह्य पर्यटकको प्रतीक्षामा छ।

विचित्र गुफा जिल्ला सदरमुकाम तम्घासदेखि पाँच कोष उत्तरमा पर्दछ। धुर्कोट गाउँपालिका-५ स्थित वस्तुमा रहेको उक्त गुफा पर्यटकहरूका लागि आफैंमा साँच्चिकै विचित्रको छ। विसं २०४५ मा बारीमा मकै खान गएको ढेँडुबाँदरलाई लखेट्ने क्रममा स्थानीय जनार्दन भण्डारीले पहिलोपटक उक्त गुफा पत्ता लगाएका थिए। भण्डारीले आफ्नो बारीमा मकै खान आएको अवस्थामा ढेँडुबाँदरलाई देखेर लखेट्दै जाने क्रममा उक्त ढेँडुबाँदर एकाएक पहरा (चट्टान) को बीचमा रहेको सानो प्वालबाट भित्र पसेको बताइन्छ। पछि स्थानीयको केही समूह राँको बालेर ढेँडुबाँदर पसेको ठाउँ हेर्दै जाँदा त्यस क्षेत्रमा ठूलो गुफा रहेको पत्ता लगाएको स्थानीय युवराज भण्डारीले बताए।

गुफा पत्ता लागेपछि विगत लामो सयमदेखि विचित्र गुफा हेर्नका लागि आन्तरिक पर्यटकहरूको घुइँचो लाग्ने



गर्दथ्यो। पछिल्लो समयमा बाह्य क्षेत्रमा समेत विचित्र गुफाको प्रचारप्रसार हुन थालेपछि गुफा हेर्नका बेलाबेलामा विदेशी पर्यटकहरू समेत आवागमन बढ्न थालेको हो।

विगतको समयमा फाटफुट रूपमा केही विदेशी नागरिक गुफा हेर्नका लागि आउने गरे पनि पछिल्लो समयमा फ्रान्स जर्मनी र बेलायतका नागरिकहरू पर्यटककै रूपमा गुफा हेर्नका लागि आउने गरेको धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखेलले बताए। धेरै विदेशी नागरिकहरू सिर्सेनीमा रहेको अरबिन्द्र आश्रममा योग साधनाका लागि आएका अवसरमा एकपटक गुफामा पुगेर फर्कने गरेको अध्यक्ष पोखेलले बताए।

विचित्र गुफाको लम्बाइ १८५ मिटर छभने चौडाइ ३५० मिटर रहेको छ। ठूलो र चौडा भूभागमा फैलिएका गुफाको मुख्य द्वारबाट भित्र पसेपछि थप पाँचवटा द्वारहरूको प्राकृतिक आकार देख्न सकिन्छ। विचित्र गुफा बाहिरको प्रकृतिक सुन्दरताले गुफाको थप सौन्दर्यता बढाएको छ।

गुफामा पुग्ने आन्तरिक एवं बाह्य पर्यटकहरूलाई त्यहाँको इतिहास तथा धार्मिक महत्वका बारेमा जानकारी गराउने प्रचलन छ। गुफाको मुख्य ढोकाबाट प्रवेश गरेपछि भित्ताहरूमा देखिने विभिन्न आकृतिहरूले एकपटक सबैको ध्यान केन्द्रित गर्दछ।

विचित्र गुफाको मुख्य आकर्षण भनेको ‘स्वर्ग जाने बाटो’ हो। यो धार्मिक दृष्टिकोणले पनि निकै महत्वपूर्ण मानिन्छ। ‘स्वर्ग जाने बाटो’ पुगेपछि गुफाको गन्तव्य टुंगिन्छ। स्वर्ग जाने बाटोमा धर्मात्माहरू मात्र भित्र पस्न सक्छन् भन्ने मान्यता छ। स्वर्गजाने बाटो एकदमै साँगुरो छ र त्यहाँ स्पष्ट देख्न सकिने एउटा दृश्य हात्तीको भीमकाय शरीर हो। त्यहाँ प्राकृतिक रूपमा हात्तीको शरीर, पुच्छर र सुँड स्पष्ट रूपमा देख्न सकिन्छ। त्यसदेखि अगाडि कुनै पनि दृश्य नभएको कारण उक्त ठाउँलाई विचित्रताको अन्तिम दृश्यका रूपमा मानिन्छ।

जुन मानिस उक्त स्वर्ग जाने बाटो भित्र छिर्न सक्छन् उनीहरूले आफूलाई साह्रै भाग्यमानी सम्झने गर्दछन्। गुफाभित्र रहेका विभिन्न जनावरका आकृतिले गुफाको सौन्दर्यतालाई थप शोभा थपिदिएको छ। गुफाको पर्यटकन प्रवर्द्धन तथा संरक्षणका लागि स्थानीय पालिका, प्रदेश र संघबाट गरी दुई करोडभन्दा बढी लगानी भइसकेको गाउँपालिका अध्यक्ष पोखेलले बताए। सदरमुकाम तम्घासबाट १८ किलोमिटरको दूरीमा रहेको उक्त गुफामा पुग्न यातायात र पैदल मार्ग हुँदै सजिलै पुग्न सकिन्छ। *रासस*

स्वदेशी वस्तु प्रयोग गरौं

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रवर्द्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं।

स्वदेशी वस्तु तथा सेवाको प्रवर्द्धन गरौं, स्वावलम्बी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ